स्थानीय सरकार
गाउँ कार्यपालिकाको कार्यालय

# लिखु गाउँपालिका

यसम, ओखलढुङ्गा, प्रदेश नं. १

# लिखु गाउँपालिकाको राजस्व सुधार कार्ययोजना
## (अन्तिम प्रतिवेदन)




## Revenue Improvement Action Plan (RIAP)

२०७८

# बिषय-सूची


**परिच्छेद १: परिचय........................................................................................................१**
१.१ पृष्ठभूमि.......................................................................................................................१
१.२ राजस्व सुधार योजनाको औचित्य...............................................................................२
१.३ योजनाले राखेका उद्देश्यहरु........................................................................................४
१.४ योजना तर्जुमा विधि र प्रक्रिया.....................................................................................५
१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन........................................................................७
१.४.२ गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण...........................७
१.४.३ तथ्याङ्क/सूचना सङ्कलन.............................................................................................८
१.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण ...............................................८
१.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण ..............................................८
१.५ योजनाका सीमाहरु.......................................................................................................९

**परिच्छेद २. गाउँपालिकाको संक्षिप्त परिचय ..........................................................................१०**
२.१ संक्षिप्त परिचय ..........................................................................................................१०
२.२ मानव संसाधनको अवस्था ..........................................................................................१६
२.३ भौतिक सम्पत्तिको अवस्था .........................................................................................१८

**परिच्छेद ३. स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........................................१९**
३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था ......................................१९
३.१.१ संवैधानिक व्यवस्था .................................................................................................१९
३.१.२ कानुनी व्यवस्था.......................................................................................................१९
३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था ...........................................................२५
३.३ आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण.....................................२६
३.३.१ स्थानीय कर राजस्व.................................................................................................२६
३.३.२ गैर कर राजस्व .........................................................................................................३१

**परिच्छेद ४. आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ...................................३७**
४.१ राजस्व परिचालन सम्बन्धी नीति ...............................................................................३७
४.२ आय सङ्कलनको संस्थागत क्षमता ...............................................................................३९
४.३ आन्तरिक आय परिचालन............................................................................................४०
४.४ राजस्व परिचालनमा रहेका सवालहरु..........................................................................४३

**परिच्छेद ५. राजस्व सुधार कार्ययोजना ................................................................................ ४५**
५.१ राजस्व सुधार कार्ययोजना..........................................................................................४५

**परिच्छेद ६. आगामी तीन वर्षको आय प्रक्षेपण.......................................................................५१**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण...............................................५१
६.२ आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण..............................................................५३

**परिच्छेद ७. अपेक्षित नतिजा................................................................................................५७**
७.१ अपेक्षित नतिजा.................................................................................................५७

**परिच्छेद ८. अनुगमन तथा मूल्याङ्कन.....................................................................................५९**
८.१ अनुगमन तथा मूल्याङ्कन......................................................................................५९

## अनुसूची

अनसूची १: तथ्याङ्क सङ्कलन सूची
अनुसूची २: विषयगत विश्लेषणको नमूना फाराम
अनुसूची ३: वस्तुगत विश्लेषणको नमूना फाराम
अनुसूची ४: आय प्रक्षेपणको ढाँचा
अनुसूची ५: माईन्युट
अनुसूची ६: फोटो

## तालिका सूची

*तालिका १: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण*......................................................१०
*तालिका २: लिखु गाउँपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*.................................................११
*तालिका ३ : लिखु गाउँपालिकाको भू-उपयोगको प्रकार*...........................................................................१२
*तालिका ४: गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण*......................................................................१६
*तालिका ५ : तहगत राजस्व अधिकार*.............................................................................................१९
*तालिका ६ : एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था*.......... २१
*तालिका ७ : प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)*............................................................ २४
*तालिका ८ : कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था*........................................................................ २४
*तालिका ९ : राजस्व बाँडफाँटका लागि भएको सिफारिसको आधारहरु (प्रतिशतमा)*.......................................२५
*तालिका १० : गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था*...............................................२५
*तालिका ११ : सम्पत्ति करको सम्भाव्यता विश्लेषण*.............................................................................२७
*तालिका १२ : व्यवसाय करको सम्भाव्यता विश्लेषण*...........................................................................२९
*तालिका १३ : राजस्व परामर्श समिति पदाधिकारी तथा जिम्मेवारी*.........................................................३७
*तालिका १४: गाउँपालिकाको आय सङ्कलनको अवस्था (रु हजारमा)*..................................................... ४०
*तालिका १५ : गाउँपालिकाको कुल आयमा योगदान (रु हजारमा)*..........................................................४३
*तालिका १६ : राजस्व सुधार कार्ययोजनाको रणनीति तथा कार्यनीति*....................................................... ४५
*तालिका १७ : राजस्व सुधार कार्ययोजना*.......................................................................................... ४७
*तालिका १८: आगामी ३ वर्षका लागि राजस्व प्रक्षेपण आधार*................................................................५१
*तालिका १९ : आगामी ३ आर्थिक वर्षको राजस्व प्रक्षेपण (हजारमा)*......................................................५३
*तालिका २० : गाउँपालिकाको अपेक्षित आय संक्षेपमा*..........................................................................५७
*तालिका २१ : अनुगमन योजना*......................................................................................................५९

## चित्र सूची

*चित्र १: वित्तीय हस्तान्तरण*...........................................................................................................१
*चित्र २: राजस्च सुधार कार्ययोजनाको औचित्य*....................................................................................... ४
*चित्र ३: राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु*.............................................................................५
*चित्र ४:लिखु गाउँपालिकाको संगठनात्मक तालिका*..................................................................................१७
*चित्र ५ : राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था*..............................................................................२०
*चित्र ६ : राजस्व प्रशासन चक्र प्रक्रिया*.................................................................................................. २२
चित्र ७ *: लिखु गाउँपालिकाको कुल बजेटमा आन्तरिक आयको हिस्सा (प्रतिशत)*........................................५७
*चित्र ८: राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन*...........................................................५९

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

नेपालको मूल राज्य सञ्चालन संरचना सङ्घ, प्रदेश र स्थानीय गरि तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले विद्यमान संवैधानिक व्यवस्था रहेको छ। संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारहरुलाई कार्य जिम्मेवारी तथा स्रोत परिचालन गर्न सक्ने उलेख्य अधिकार दिएको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा पर्ने सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतालाई वृद्धि गर्न आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यसका अतिरिक्त प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकुल परिस्थितिलाई सामना गर्नसक्ने गरि उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनुपर्दछ।

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्व आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरि राजस्व अधिकार समेत संवैधानिक रुपमै प्रदान गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड बापत प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ।




*चित्र १: वित्तीय हस्तान्तरण*

स्थानीय सरकारलाई प्राप्त भएका वित्तीय अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ। यसको

मुख्य कारणहरुमा स्थानीय सरकारलाई प्राप्त कतिपय अधिकारहरु नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदि व्यवस्था तथा अभ्यासको कमी हुनु रहेको छ ।

स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता बन्न पुगेको छ यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरि कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना खाँचो देखिन्छ ।

राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरि राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरुको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनाका लागि १ नं. प्रदेश अन्तरगत का ५५ स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरि स्थानीय तहहरुको राजस्व सुधार गर्नका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरुको कार्ययोजना आवश्यक छ । सो कार्यका लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमले यस प्रदेश अन्तरगतका विभिन्न स्थानीय तहहरुको राजस्व सुधार कार्ययोजना तयार गर्नका लागि आवश्यक प्राविधिक सहयोग गर्ने कार्यक्रम रहेको छ ।

यस दस्तावेज तर्जुमाको क्रममा भएका प्रयासहरुमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, गाउँपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरुको पहिचान गरि मुख्य उपलब्धिका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरि गाउँपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन जस्ता कार्यहरु रहेका छन् ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

सङ्घीयतामा तहगत सरकारलाई संविधानले नै कार्यजिम्मेवारी निश्चित गरि ती जिम्मेवारीहरु पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तिय हस्तान्तरणको अलावा आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट संविधानले प्रदान गरेको अधिकार अनुरुप स्थानीय तहले राजस्व परिचालन गरि साधन स्रोतको जोहो गर्दछन् । जनताको बढ्दो माग बमोजिमको खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि ती स्थानीय सरकारहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि हुनु अपरिहार्य देखिन्छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरि तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

स्थानीय तहलाई कर वा गैर कर वापत रकम तिर्ने स्थानीय निवासीहरुले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो गाउँपालिका/नगरपालिकासँग प्रश्न

सोध्ने हुनाले गाउँपालिका/नगरपालिकाहरु पनि जनताप्रति सोझै उत्तरदायी हुने वातावरण सिर्जना हुन्छ । सेवा प्रवाहमा पनि सुधार हुन्छ र जनताको सन्तुष्टिको मात्रा पनि बढ्दै जान्छ । आन्तरिक स्रोतबाट परिचालित राजस्व खर्च गर्दा स्थानीय तहले कुनैपनि बाह्य शर्तहरु पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तह प्रदेश तहले जति बढी स्वायतता पूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जान्छ ।

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिपेक्ष्यमा स्थानीय सरकारहरुले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरि कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु आवश्यक हुन्छ । यसका लागि जन निर्वाचित पदाधिकारीहरु र राष्ट्रसेवक कर्माचारीहरुलाई संविधानले प्रदत्त गरेका काम कर्तव्य र अधिकारहरु कुशलता साथ सम्पादन गरि नागरिकहरुलाई छिटो छरितो गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्न सहयोग पुऱ्याउनु पहिलो र महत्वपूर्ण कार्य हो भने भर्खरै सम्पन्न भएका स्थानीय तहको संस्थागत अवस्था स्व-मूल्याङ्कन गरि सुधारका क्षेत्रहरुको पहिचान गरि तदनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै लैजानु आवश्यक छ । यसका साथै स्थानीय तहलाई संविधान र ऐनले दिएको अधिकार प्रयोग गरि वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।

गाउँपालिकामा थप आन्तरिक राजस्व परिचालन गर्न यसको अधिकार क्षेत्रभित्र सबै उपलब्ध आन्तरिक आयका स्रोतहरुबाट सम्भाव्य राजस्व परिचालन गर्नु अनिवार्य हुन्छ । यसमा सुधार ल्याउन गाउँपालिकाको बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरु पहिचान गरि सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान बमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिको छ । यस राजस्व सुधार कार्ययोजनाबाट गाउँपालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यसै सन्दर्भमा लिखु गाउँपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरु पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यका लागि यो राजस्व सुधार कार्ययोजना निर्माण गरिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको शांरासलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।




*चित्र २: राजस्व सुधार कार्ययोजनाको औचित्य*

## १.३ योजनाले राखेका उद्देश्यहरु

गाउँपालिकाको आन्तरिक आयका सम्भावनाहरुको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरु न्यूनीकरण गर्न कार्ययोजना तयार गरि सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुर्याउनु नै यस योजनाको मूलभूत उद्देश्य हो । यस योजनाका खास उद्देश्यहरु देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरुको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित पालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरि आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।

- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरि आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा प्रक्रिया स्थानीय पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरु र सरोकारवालाहरुको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरिएको छ । यसको मार्गदर्शकका रुपमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ लाई लिईएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरुलाई समेट्ने उद्देश्यले तथ्याङ्क तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरु यसप्रकार रहेका छन् ।

१ • राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी निर्णय र समय सारिणी निर्धारण
२ • योजना तर्जुमा कार्यदल गठन
३ • योजना तर्जुमाका लागि आवश्यक सन्दर्भ सामाग्रीहरु सङ्कलन तथा अध्ययन
४ • प्रारम्भिक कार्यशालाको आयोजना
५ • सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण
६ • राजस्व सुधार कार्ययोजना तयारी (प्रारम्भिक)
७ • योजनाको मस्यौदा तयारी
८ • राजस्व सम्भावना विश्लेषण तथा राजस्व प्रक्षेपण
९ • मस्यौदा प्रतिवेदन गाउँपालिकामा प्रस्तुति र सुझाव सङ्कलन
१० • मस्यौदा पुनरावलोकन र अन्तिम मस्यौदा तयारी
११ • गाउँ कार्यपालिकामा छलफल र स्वीकृति

*चित्र ३: राजस्व सुधार कार्ययोजना तर्जुमाका चरणहरु*

गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम तय गरि सो सम्बन्धमा लिखु गाउँपालिका, यसम, ओखलढुङ्गा, प्रदेश नं. १ र यस सिभिल ओयसिस ईन्जिनियरिङ प्रा.लि.बीच भएको सम्झौता पश्चात विभिन्न समयमा भएका छलफलहरुबाट गाउँपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरि अध्ययन टोलीलाई प्राप्त भएको हो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि मुलत: Coaching & Mentoring (स्थलगत रुपमा सँगसँगै काम गर्दै सिकाउँदै जाने) विधिमा आधारित छ ।

- लिखु गाउँपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग लिखु गाउँपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडी बढाईएको छ ।
- लिखु गाउँपालिकाबाट राजस्व कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप हुनेछ भने प्रदेश प्रशिक्षण केन्द्रबाट अनुगमन हुन सक्नेछ । सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गरेको छ । परामर्शदाताले प्रदेश सुशासन केन्द्रको सम्बन्धित विज्ञ वा तोकिएको कर्माचारीहरुसँग निरन्तर समन्वयमा कार्य गरेको छ ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरेको छ । साथै यस विषयमा लिखु गाउँपालिकाका कर्मचारीहरुको पनि क्षमता अभिवृद्धि गरेको छ । यस सन्दर्भमा लिखु गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा अन्य जनप्रतिनिधि, कर्माचारी एवम् सरोकारवालाहरुको सहभागिता र समूह छलफलबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरु पहिचान गरेको छ ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरि (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना निर्माण गरेको छ ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरुलाई एकिकृत गरि लिखु गाउँपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिएको छ र अन्तिम दस्तावेज तयार गरि लिखु गाउँपालिकालाई प्रस्तुतिकरण गरि आवश्यक सुझावहरुलाई सङ्कलन गरि दस्तावेजलाई अन्तिम रुप दिएको छ ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) लिखु गाउँपालिका र प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापामा बुझाएको छ ।
- प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल, भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाएको छ ।

## १. कार्ययोजना निर्माणका चरणहरु

परामर्शदाताले सहभागितामूलक विधि र प्रकृया प्रयोग गरि राजस्व सुधार कार्ययोजना तयार गर्नुका साथै अध्ययनको सन्दर्भमा प्राप्त जानकरी र तथ्याङ्कहरुको परिणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रित विधिहरुको प्रयोग गरिएको छ । राजस्व सुधार कार्ययोजना तयार गर्ने क्रममा निम्न चरणहरु अपनाएको छ ।

पहिलो: सन्दर्भ सामग्रीको अध्ययन
दोस्रो: अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला
तेस्रो: तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
चौथो: राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
पाचौं: मस्यौदा प्रतिवेदन तयारी
छैठौं: मस्यौदा प्रतिवेदन माथि छलफल, सुझाव सङ्कलन
सातौं: अन्तिम मस्यौदा तयारी, कार्यपालिका वैठकमा छलफल
आठौं: सहजीकरण तथा समन्वय समितिमा अन्तिम सुझाव र कमेन्टका लागि पठाउने, प्राप्त सुझाव समावेश गर्ने र कार्यपालिकाबाट स्वीकृत गर्ने ।

### १.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विज्ञ समूहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको छ । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामाग्रीहरु देहाय अनुसार रहेका छन् :

- गाउँपलिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमूना कानूनहरु
- लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८
- लिखु गाउँपालिकाको आय/व्यय विवरण (आ.व. २०७५/७६-२०७७/७८)
- लिखु गाउँपालिको गाउँसभाबाट स्वीकृत भएको आ.व. २०७८/७९ का लागि निर्धारण गरिएको विभिन्न करहरुको दर रेट (आर्थिक ऐन २०७८)
- आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)
- राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना
- नेपाल सरकारको सङ्घीय नीति, ऐन, नियमावली, योजना, आदि
- प्रदेश नं. १ को आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५

### १.४.२ गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण

गाउँपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना प्रविधि अधिकृत तथा आन्तरिक लेखा परीक्षकसँग लगायतसँग प्रत्यक्ष छलफल गरि गाउँपालिकाकले हालसम्म परिचालन गरि आएका करका आधारहरु, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको वर्तमान संरचना, यसमा सुधार गर्न सकिने क्षेत्र, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरु र हाल तयार गर्न लागेको राजस्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियाबारे जानकारी गराई गाउँपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको हो ।

राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरि आवश्यक सूचना सङ्कलन फाराम अनुसार सम्बन्धित सूचना, सामाग्रीहरु आदिका आधारमा लिखु गाउँपालिकाको राजस्वको अवस्था बारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरु पहिचान गर्न मद्दत पुगेको हो । आवश्यक सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण पश्चात विज्ञहरुको टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरुको विकास गरि सो फारामलाई अन्तिम रुप दिन यस कार्यमा

सङ्लग्न विज्ञहरुबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको  फारमहरु निम्नानुसार रहेका छन् ।

- गाउँपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरुसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची १ मा रहेको छ । यस सूचीमा मुख्यत: गाउँपालिकको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको छ ।
- राजस्वका शिर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फाराम अनुसूची २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरुको शिर्षकगत रुपमा वर्तमान समस्याहरु, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरु र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको हो ।

### १.४.३ तथ्याङ्क/सूचना सङ्कलन

लिखु गाउँपालिकाको सङ्कलित विगतका आय तथा व्यय, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानूनहरु र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा गाउँपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरु विश्लेषण गरिएको छ । जसबाट कार्ययोजना तर्जुमा सम्बन्धी अपुग सूचना, अस्पष्टता र मुख्य सवाल सम्बन्धी जानकारी भयो । यी विषयमा थप प्रष्टताका लागि गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, गाउँपालिकाले भोगिरहेका चुनौतीहरु, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान भयो । त्यसपछि सबै प्राप्त सूचनाहरु र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थित बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग टेलिफोन छलफल गरि स्पष्ट गरि सोही आधारमा राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन तयार गरिएको छ ।

### १.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन, गाउँपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण र तथ्याङ्क/सूचना सङ्कलन लगायतका क्रियाकलापहरु तथा प्राप्त सुचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कुल सम्भाव्यता र स्रोतबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन वार्षिक वर्षका लागि प्रक्षेपण गरिने छ । साथै लिखु गाउँपालिकामा मस्यौदा प्रतिवेदनको प्रस्तुतिकरण गरि प्राप्त सुझावहरु सङ्लग्न गरि अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

राजस्व सुधार कार्ययोजनालाई गाउँपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरि कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समिक्षा र आवश्यकता अनुसार सुधारका लागि छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव गरिएको छ । राजस्व सुधार

कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा लिखु गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरुलाई प्रशिक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।

## १.५ योजनाका सीमाहरु

लिखु गाउँपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ ।

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित रहेको छ ।
- गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, गाउँपालिकाका पदाधिकारीहरु तथा सम्बन्धित कर्माचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको अन्तरक्रिया तथा कार्याशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ । यसका अलावा प्रदेश सुशासन केन्द्र तथा पालिकामा मस्यौदा प्रतिवेदन प्रस्तुतिकरण गरि प्राप्त सुझावहरु सङ्लग्न गरिएको छ ।
- गाउँपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविश्यको राजस्व सङ्कलनमा असर गर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोल खण्डमा आय प्रक्षेपणमा आधार लिन कठिनाई हुन सक्छ ।
- गाउँपालिकाको अभिलेख व्यवस्थित भइ नसकेको खण्डमा ऐतिहासिक प्रवृति देखिने तथ्याङ्कीय विश्लेषणका लागि आवश्यक तथ्याङ्क र सूचनाको अभावमा स्टाटिस्टिकल टुल्सहरुको प्रयोग गरि विश्लेषण तथा प्रक्षेपण गर्न अलि असहज भएको देखिन्छ ।

# परिच्छेद २. गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ संक्षिप्त परिचय

लिखु गाउँपालिकाको राजस्व सम्भाव्यता पहिचान, परिचालन र व्यवस्थापनका लागि गाउँपालिकाको वस्तुस्थिति, आर्थिक गतिविधि, मानवीय संसाधान तथा भौतिक स्रोत साधन लगायतको महत्वपूर्ण भूमिका रहन्छ । यस परिच्छेदमा गाउँपालिकाको संक्षिप्त परिचय, मानव संसाधनको अवस्था र गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था प्रस्तुत गरिएको छ ।

### २.१.१ अवस्थिति

ओखलढुङ्गा जिल्लामा विद्यमान ८ स्थानीय तहहरु (१ नगरपालिका र ७ गाउँपालिका) मध्ये ओखलढुंगा जिल्लाको सदरमुकाम ओखलढुंगाबाट करीब ७५ किलोमिटर उत्तर पश्चिमतर्फ अवस्थित लिखु गाउँपालिका एक हो । यस गाउँपालिकामा जम्मा ६ वटा गा.वि.स.हरु (सिंहदेवी, नर्मदेश्वर, यसम, गाम्नाटार, टारकेरावारी र पोकली (१-८) गा.वि.स.) मिलेर हाल ९ वटा वडामा विभाजन गरिएको छ । सामुन्द्रिक सतहबाट अन्दाजी ६०० मिटर देखि २,८०० मिटरको उचाइमा रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वतर्फ चम्पादेवी र खिजिदेम्बा गाउँपालिका, पश्चिममा रामेछाप जिल्ला, उत्तरमा खिजिदेम्बा गाउँपालिका र दक्षिणमा चम्पादेवी गाउँपालिकासँग जोडिएको छ । प्रदेश नं. १ को कुल क्षेत्रफलको (२५,९०५ वर्ग कि.मी.) ०.३४ प्रतिशत तथा नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी. को ०.०६ प्रतिशत भू-भाग ओगटेको यस गाउँपालिकाको क्षेत्रफल ८८.०३ वर्ग कि.मी. रहेको छ ।

*तालिका १: वडा विभाजन तथा भौगोलिक अवस्था सम्बन्धी विवरण*

| क्र.सं. | समावेश गाविस | कुल जनसङ्ख्या | जनसङ्ख्या प्रतिशत | क्षेत्रफल (वर्ग कि.मि.) | क्षेत्रफल प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सिंहदेवी (१-५) | १,६२९ | ६.९३ | १०.०८ | ११.४५ |
| २ | सिंहदेवी (६-९) | २,१७७ | ९.२६ | ६.६६ | ७.५७ |
| ३ | नर्मदेश्वर (१-९) | २,७९४ | ११.८९ | ९.२ | १०.४५ |
| ४ | यसम (१-५) | २,३१२ | ९.८४ | ३.७३ | ४.२४ |
| ५ | यसम (६-९) | २,२९१ | ९.७५ | ९.५२ | १०.८१ |
| ६ | गाम्नाटार (१-५) | २,११३ | ८.९९ | ६.४७ | ७.३५ |
| ७ | गाम्नाटार (६-९) | २,६८६ | ११.४३ | ६.९६ | ७.९१ |
| ८ | टारकेरावारी (१-९) | ३,४९६ | १४.८८ | १०.९१ | १२.३९ |
| ९ | पोकली (१-८) | ४,००१ | १७.०३ | २४.५ | २७.८३ |
| **जम्मा** | | **२३,४९९** | **१००.००** | **८८.०३** | **१००.००** |

*स्रोत: सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८*

**नामाकरण**

यस गाउँपालिकाको नामाकरण सप्तकोशीको सहायक नदी लिखु नदीबाट भएको हो । साथै पालिकाको केन्द्र अर्थात् गाउँ कार्यपालिकाको कार्यालय वडा नं. ४ यसममा रहेको छ ।

### हावापानी

लिखु गाउँपालिकामा उष्ण, समशितोष्ण र शितोष्ण प्रकारको हावापानी पाईन्छ । यहाँ जाडो महिनामा दिनभर बाक्लो कुहिरो लाग्नुको सट्टा विहानै केही समय मात्र धुदी लाग्ने र केही छिन पछि लगत्तै घाम लागि घमाइलो हुने गर्दछ भने गर्मीको समयमा अलि-अलि हल्का गर्मीको अनुभूति हुने गर्दछ । यस क्षेत्रमा जुन महिनामा अधिकतम तामक्रम २१.७ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदको जनवरीमा न्यूनतम ९.१ डिग्री सेल्सियससम्म झर्ने गर्दछ । लिखु गाउँपालिकामा जुलाई महिनामा सबैभन्दा बढी ४४४ मि.मि. र डिसेम्वरमा सबै भन्दा कम ७ मि.मि. पानी पर्ने तथा औषत वर्षा १,७११ मि.मि. रहेको छ । (स्रोत: लिखु गाउँपालिकाको वस्तुगत विवरणको प्रतिवेदन, २०७६)

### २.१.२ भू-बनोट र प्राकृतिक स्रोतहरु

यस गाउँपालिकामा बेंसीका फाँटहरु देखि हिउँ पर्ने लेकसम्म समेटिएको छ । सिल्खुबेंसी, दाहालटार जस्ता धान उत्पादन हुने फाँटहरु र पहराका फेदमा रहेको गाम्नाङ्टार र टारकेराबारीका फाँटहरु यहाँका थप उर्बर भूमिहरु हुन् । यस क्षेत्रमा धरातलीय स्वरुपका हिसावले अधिकांश भू-भाग कृषियोग्य जमिन, वन क्षेत्र, चरण क्षेत्र, र बुट्यान क्षेत्रले ओगटेको छ भने अन्य भू-भाग बगर क्षेत्र, खोला नाला, बस्ती क्षेत्र र बाँझो जग्गा रहेको छ । प्राकृतिक स्रोतका हिसाबले सम्पन्न लिखु गाउँपालिकामा खानेपानी, सिञ्चाई र विद्युतका लागि लिखु खोला, सिल्खु खोला, सेलेले खोला, जिमपाखा ठाडो खोला, डुडे खोला र खहरे खोला प्रयोग गरिएको छ । त्यसै गरि खानेपानी, सिञ्चाई र पर्यटनको लागि  कुवापानी खोला र ठूलो खोला एवम् खानेपानी, सिञ्चाई, विद्युत र पर्यटनको लागि पोकली खोला तथा खानेपानी र सिञ्चाईको लागि धारे खोला, दहरी खोला, महभिर र जुकेखोला रहेका छन् भने सावाले खोला विशुद्ध सिञ्चाईको लागि प्रयोग गरिएको छ । विद्युतको निम्ति १३ वटा लघु जलविद्युत योजनाहरु सञ्चालनमा छन् । लिखु गाउँपालिकामा १४ वटा कबुलियति तथा २५ वटा सामुदायिक वन गरि ३९ वटा वन जङ्गलहरु रहेका छन् ।

### २.१.३ जनसङ्ख्या

लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार यस गाँउपालिकाको कुल जनसङ्ख्या तथा घरधुरी सङ्ख्या २३,४९९ र ३,९९३ रहेको छ । पालिकामा पुरुषको सङ्ख्या ११,८९० (५०.६० प्रतिशत) र महिलाको सङ्ख्या ११,६०९ (४९.४० प्रतिशत) छ । यस गाँउपालिकाको सरदर घरधुरी सङ्ख्या ५.८८, लैंगिक अनुपात ०.९८ र जनघन्तव २६६.९४ व्यक्ति प्रति वर्ग कि.मि. रहेको छ । सबैभन्दा बढी जनसङ्ख्या वडा नं ९ मा ४,००१ (१७.० प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं १ मा १,६२९ (६.९३ प्रतिशत) छ । जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व वडा १ मा १६१.६१ व्यक्ति प्रति वर्ग कि.मि. तथा सबै भन्दा बढी वडा नं. ४ मा ६१९.८४ व्यक्ति प्रति वर्ग कि.मि. छ ।

*तालिका २: लिखु गाउँपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*

| वडा नं. | घरधुरी | जनसङ्ख्या | | | लैङ्गिक अनुपात | औषत परिवार | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | | |
| १ | २६७ | ७८६ | ८४३ | १,६२९ | ०.९३ | ६.१० | १६१.६१ |
| २ | ३८० | १,१८२ | ९९५ | २,१७७ | १.१९ | ५.७३ | ३२६.८८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | ४६५ | १,३५८ | १,४३६ | २,७९४ | ०.९५ | ६.०१ | ३०३.७० |
| ४ | ३५८ | १,१६६ | १,१४६ | २,३१२ | १.०२ | ६.४६ | ६१९.८४ |
| ५ | ३९८ | १,०९१ | १,२०० | २,२९१ | ०.९१ | ५.७६ | २४०.६५ |
| ६ | २९८ | १,०६२ | १,०५१ | २,११३ | १.०१ | ७.०९ | ३२६.५८ |
| ७ | ३८९ | १,३०० | १,३८६ | २,६८६ | ०.९४ | ६.९० | ३८५.९२ |
| ८ | ६६९ | १,७०५ | १,७९१ | ३,४९६ | ०.९५ | ५.२३ | ३२०.४४ |
| ९ | ७६९ | १,९५९ | २,०४२ | ४,००१ | ०.९६ | ५.२० | १६३.३१ |
| **जम्मा** | **३,९९३** | **११,६०९** | **११,८९०** | **२३,४९९** | **०.९८** | **५.८९** | **२६६.९४** |

*स्रोत: लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८*

लिखु गाउँपालिकामा हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ भने बौद्ध, किराँत र क्रिश्चियन धर्म मान्ने मानिसहरुको बसोबास रहेको छ । यस गाउँपालिकामा जातिगत हिसाबले कुल जनसङ्ख्याको क्षेत्री ४५ प्रतिशत, तामाङ ९.४२ प्रतिशत, ब्राम्हण ८.९७ प्रतिशत, नेवार ७.८९ प्रतिशत, मगर ७.३४ प्रतिशत, सार्की ५.४३ प्रतिशत, दमाई ४.५१ प्रतिशत तथा अन्य जातजातीहरुमा कामी २.७० प्रतिशत, सुनुवार २.०५ प्रतिशत, शेर्पा १.८३ प्रतिशत, जोगी १.३८ प्रतिशत, माझी ०.६३ प्रतिशत, गुरुङ ०.२० प्रतिशत, राई ०.२० प्रतिशत र अन्य २.४५ प्रतिशत बसोबास रहेको छ । मातृभाषाको आधारमा नेपाली बोल्नेको बाहुल्यता रहेको छ भने बाँकीले मुख्य भाषाको रुपमा तामाङ, शेर्पा, मगर, नेवार, सुनुवार लगायत अन्य भाषा बोल्ने गरेका छन् । पालिकाका ८७.६ प्रतिशतले नेपाली भाषा मातृभाषाको रुपमा बोल्ने गर्दछन् भने तामाङ भाषा बोल्ने जनसङ्ख्या ७.७ प्रतिशत, शेर्पा भाषा बोल्ने जनसङ्ख्या १.९ प्रतिशत, मगर १.४ प्रतिशत, नेवारी ०.६ प्रतिशत र सुनुवार भाषा बोल्ने जनसङ्ख्या ०.९ प्रतिशत छन् ।

### २.१.४ भू-उपयोग

यस गाउँपालिकाको जम्मा भू-भागमा सबैभन्दा बढी क्षेत्र आधा क्षेत्रफल अर्थात् ५०.११ प्रतिशत कृषि क्षेत्र रहेको छ । त्यसैगरी गाउँपालिकाको कुल क्षेत्रफलको २९.६९ प्रतिशत जमिन वन क्षेत्र रहेको छ भने चरण क्षेत्र १०.१३ प्रतिशत र बुट्यान क्षेत्रले करीब ८.६ प्रतिशत ओगटेको छ । लिखु गाउँपालिकाको भू-उपयोग विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ३ : लिखु गाउँपालिकाको भू-उपयोगको प्रकार*

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | ४४.११ | ५०.११ |
| २ | वन जङ्गल क्षेत्र | २६.१३ | २९.६९ |
| ३ | चरण क्षेत्र | ८.९१ | १०.१३ |
| ४ | बुट्यान क्षेत्र | ७.५७ | ८.६० |
| ५ | वगर क्षेत्र | ०.५८ | ०.६६ |
| ६ | खोला नाला क्षेत्र | ०.४० | ०.४६ |
| ७ | बस्ती क्षेत्र | ०.२८ | ०.३२ |
| ८ | बाँझो जमिन | ०.०१ | ०.०१ |
| **जम्मा** | | **८८.०३** | **१००.००** |

*स्रोत: लिखु गाउँपालिकाको वस्तुगत विवरणको प्रतिवेदन, २०७६*

### २.१.५ साँस्कृतिक अवस्था

आफ्नो छुट्टै भौगोलिक, साँस्कृतिक, सामुदायिक पहिचान बोकेको यस लिखु गाउँपालिकामा विशेष रुपले ब्राम्हण, क्षेत्री, नेवार, तामाङ, सुनुवार, राई लगायत विभिन्न आदिवासी तथा जनजातिहरुको मिश्रित बसोबास रहेको छ । मुख्य बोलीचालिको भाषा नेपाली भएता पनि सबै समुदायको आ-आफ्नै खालका भाषाहरु प्रचलनमा रहेका छन् । स्थानीय चाडपर्व, भाषा, धर्म तथा संस्कृतिले कुनै पनि स्थानको सांस्कृतिक विविधता झल्काउने गर्दछ । जातिय, भाषिक, धार्मिक रुपमा विविधता बोकेको लिखु गाउँपालिका क्षेत्रमा स्थानीय चाडपर्व तथा संस्कृतिहरुमा विविधता पाइन्छ । यस क्षेत्रमा जनैपूर्णिमा, दशैं, तिहार, होली पूर्णिमा, तीज, गुरुपूर्णिमा, कृष्णाष्टमी, माघे संक्रान्ति, चैते दशैं, रक्षाबन्धन, रोदि घर, गाईजात्रा, धान्ने पूर्णिमा, ल्होसार, आदि मनाईने गरेको छ । धार्मिक तथा भाषिक रुपमा करीब एकरुपता रहेको यस गाउँपालिका क्षेत्रमा चाडपर्वका समयमा गरिने विभिन्न साँस्कृतिक क्रियाकलापहरुले यस क्षेत्रको सामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछ ।

### २.१.६ आर्थिक अवस्था

लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार १५ देखि ५९ वर्ष उमेर समूहका आर्थिक रुपले सक्रिय जनसङ्ख्या ६२.९८ प्रतिशत रहेको छ । गाउँपालिकाका बासिन्दाहरु विशेष गरि कृषि पेशामा निर्भर रहेका छन् भने केही मात्रामा सरकारी नोकरी, व्यापार व्यवसाय र वैदेशिक रोजगार जस्ता पेशामा आवद्ध रहेका छन् । गाउँपालिकाका बासिन्दाहरु कृषि पेशामा ५८.५ प्रतिशत, उद्योग, व्यापारमा १०.५ प्रतिशत, नोकरी पेशामा १०.० प्रतिशत, ज्यालादारीमा ७.१ प्रतिशत, वैदेशिक रोजगारमा १०.२ प्रतिशत र अन्य पेशामा ३.७ प्रतिशत आवद्ध छन् । राष्ट्रिय आर्थिक तथ्याङ्क २०१८ अनुसार लिखु गाउँपालिकामा ३२८ वटा आर्थिक रोजगार दिने संस्थाहरुले ५५८ पुरुष र ५९६ महिला गरि कुल १,१५४ जना स्थानीयहरुलाई रोजगार प्रदान गरिरहेको छ । ३२८ वटा संस्थाहरु मध्ये १-४ जना, ५-९ जना तथा १०-४९ जनालाई रोजगार दिने संस्थाको सङ्ख्या क्रमश: २६७, ३८ र २३ रहेको छ । ती मध्ये कृषि, वन जङ्गल र माछापालन सम्बन्धी रोजगार दिने संस्था ४ वटामा १९ जना, उत्पादनमुलक रोजगार संस्था ३१ वटा मा ६१ जना, खानी, विद्युत, ग्यास, खानेपानी वितरण र निर्माण सम्बन्धी रोजगार दिने ११ वटामा ३५ जना, होलसेल र रिटेल व्यापार व्यवसाय सम्बन्धी रोजगार दिने संस्था १६३ वटामा ३३१ एवम् ढुवानी, भण्डारण, सुचना तथा सञ्चार ४ वटा संस्थामा १२ जनाले रोजगारी प्राप्त गरिरहेको छ । त्यसै गरि १५ वटा आवास र खाद्य सम्बन्धी रोजगार दिने संस्थामा ३४ जना, १३ वटा आर्थिक तथा ईन्स्युरेन्स संस्थामा ६० जना, २७ वटा शिक्षण संस्थामा २३८ जना, २७ वटा स्वास्थ्य तथा सामाजिक कार्य संस्थामा १४६ जना र ३३ वटा जग्गाको कारोवार, व्यवसायिक, वैज्ञानिक, प्रशासन, मनोरञ्जन तथा अन्य संस्थाले २१८ जनालाई रोजगारी दिईरहेको छ ।

लिखु गाउँपालिकामा २०७५ साल भाद्र १ देखि नेपाल एस.बि.आई. बैङ्क लि.को शाखा सञ्चालन गरिएको छ । लिखु गाँउपालिकामा ठुला बजार केन्द्र, उद्योग, कलकारखाना र पर्यटकिय केन्द्रहरु नभएकोले हालसम्म पनि यस बाहेक अन्य कुनै बैङ्क तथा वित्तीय संस्था स्थापना हुन सकेका छैनन् । गाउँपालिकामा थप आर्थिक कारोवारको लागि यो बाहेक यस गाउपालिकामा ५ वटा बचत तथा ऋण सहकारी, ७ वटा कृषि सहकारी र २ वटा बहुउद्देश्यीय सहकारी गरि कुल १४ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेका छन् जसले गर्दा गाँउपालिकाको वडा र टोलहरुसम्म वित्तिय पहुँच पुगेको छ ।

गाउँपालिका क्षेत्रमा खेतियोग्य जमिन ४४.११ वर्ग कि.मी. रहेको छ जस अनुसार कृषि कार्यका लागि उपयोग गरिएको कुल जमिन ८६,७०५ रोपनी रहेको देखिन्छ । लिखु गाउँपालिकामा सबभन्दा बढी वार्षिक उत्पादन धान बाली ९,९८२ क्विन्टल उत्पादन हुने गर्दछ। त्यसै गरि मकै ८,१६५ कुविन्टल, कोदो २,१३२ क्विन्टल, गहुँ ६४९ क्विन्टल तथा आलु ३६८ क्विन्टल, तरकारी ३२८ क्विन्टल, दलहन १७९ क्विन्टल, फलफुल १७० क्विन्टल, फापर ३४ क्विन्टल र तेलहन ३० क्विन्टल उत्पादन हुने गर्दछ । यस गाउँपालिकाको वडा नं. ९ पोकलीको माथिल्लो भेग आलु उत्पादनको लागि प्रसिद्ध रहेको छ । यस गाउँपालिकामा चिराइतो, जटामासी, त्रिफला, पाँचऔंलो, घोड्ताप्रे, बोजो जस्ता महत्वपूर्ण स्वास्थ्यवर्धक जडीबुटीहरु पाइन्छ।

यस गाउँपालिकाको पशुपालनको अवस्था हेर्दा राँगा, खसी, बोका, बाख्रा, सुंगुर, बंगुर, भेंडा, कुखुरा, हाँस, माछा, मौरी, आदि मुख्य पाल्ने गरिएको छ। गाउँपालिकामा दुधको उत्पादन उत्साहजनक अर्थात् लगभग १० लाख लिटर वार्षिक रहेको देखिन्छ । साथै मासुजन्य उत्पादन पनि आत्मनिर्भरता उन्मुख छ । तर माछा, मह तथा हाँस र भेंडाको उत्पादन न्यून देखिन्छ। फलफुलको लागि उपयुक्त हावापानी भएका कारण यस क्षेत्रमा सुन्तला, जुनार, आँप, कटहर, अनार, खुर्पानी, र अंगुर जस्ता फलफुल पाईन्छ । लिखु गाउँपालिकामा ८० वटा कृषक समूह र २७ वटा पशुपालन समूह दर्ता भई सञ्चालनमा रहेका छन्।

### २.१.७ सामाजिक अवस्था

**शिक्षा:** लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार पालिकामा शैक्षिक संस्थातर्फ १४ आधारभूत र ८ वटा माध्यमिक गरि जम्मा २२ वटा सामुदायिक विद्यालय तथा १ वटा संस्थागत विद्यालय र १ वटा क्याम्पस रहेका छन् । सामुदायिक विद्यालयतर्फ १,५६८ छात्रा र १,४५३ छात्र गरि जम्मा ३,०२१ विद्यार्थी अध्ययनरत छन् भने २३८ शिक्षक तथा कर्मचारी कार्यरत छन्। छात्र र छात्राको लैङ्गिक अनुपात १.०८ रहेको छ । गाउँपालिकाका २४ वटा बाल विकास केन्द्रमा ३८५ जना बालबालिका छन् । यस गाँउपालिकामा ५ वर्षभन्दा बढी उमेर समूहको जनसङ्ख्याको साक्षरता दर ८७.४५ प्रतिशत रहेको छ जुन राष्ट्रिय साक्षरता दर भन्दा बढी रहेको छ। गाँउपालिकामा उच्च शिक्षा हासिल गरेका जनसङ्ख्या ६.०५ प्रतिशत रहेका छन्। निरक्षर जनसङ्ख्या सबभन्दा बढी वडा नं. १ मा १८ प्रतिशत तथा सबैभन्दा कम वडा नं. ६ मा ८ प्रतिशत छ । विश्व विद्यालय तहको शैक्षिक अवस्थामा ईन्जिनियरिङ २.९८ प्रतिशत, चिकित्सा ०.३६ प्रतिशत, कृषि वा पशु ०.०१ प्रतिशत, शिक्षा १.२७ प्रतिशत, व्यवस्थापन ०.७२ प्रतिशत, कानून ०.०८ प्रतिशत, विज्ञान ०.१९ प्रतिशत, अन्य विषय ०.४४ प्रतिशत रहेको छ।

**स्वास्थ्य:** लिखु गाउँपालिकामा ६ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभुत स्वास्थ्य केन्द्र रहेका छन्। कोभिड १९ को महामारी व्यवस्थापनका लागि कोभिड - १९ अस्थायी अस्पताल पनि स्थापना गरिएको छ । स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम लागु गरि गाउँ कार्यपालिकाको कार्यालयले स्वास्थ्य चौकी गाम्नाङ्टारलाई प्राथमिक स्वास्थ्य केन्द्रको रुपमा स्तरोन्नति गरिएको छ । यस गाउँपलिकामा ८२ जना महिला स्वास्थ्य स्वयंसेविका कार्यरत छ भने खोप क्लिनिक २०, गाउँघर क्लिनिक २२ र दुर दराजमा स्वास्थ्य सेवा पुर्‍याउन २ वटा हेल्थ युनिट तथा २ वटा आयुर्वेद औषधालय पनि सञ्चालन गरिएको छ।

**खानेपानी:** खानेपानीको स्रोत लिखु गाँउपालिकामा राम्रै देखिएको छ । गाउँपालिकाको ९१.३६ प्रतिशत परिवारले पाईप धाराबाट खानेपानी प्राप्त गर्दछन् । त्यसै गरि अन्य खानेपानीको श्रोतहरुमा ईनार/कुवा

(ढाकिएको) ३.८६ प्रतिशत, मूलको पानी २.३० प्रतिशत, ईनार/कुवा (नढाकिएको) १.५५ प्रतिशत, खोला वा नदि ०.९० प्रतिशत र अन्य श्रोत ०.०३ प्रतिशत रहेको छ । खानेपानीको पहुँच ८९.९ प्रतिशत रहेतापनि वडा नं. ६ र ९ मा व्यापक सुधार गर्नुपर्ने देखिन्छ । लिखु गाउँपालिकामा आफ्नै घरमै खानेपानीको पहुँच भएका परिवार ७४.८ प्रतिशत रहेको छ । त्यसै गरि खानेपानीको पहुँच आधा घण्टाको दुरीमा रहेको १५.१ प्रतिशत तथा आधा घण्टा भन्दा टाढा रहेको घरधुरी १०.१ प्रतिशत रहेको छ । गाउँपालिकामा ५२ वटा खानेपानी आयोजनाहरु सञ्चालनमा छन् । शौचालय प्रयोगको अवस्थालाई हेर्दा स्यानिटरी प्रकारका शौचालय ८३.६ प्रतिशत घरमा रहेको भएतापनि साधारण खाल्डो तथा ईन स्यानिटरी प्रकारक शौचालय रहेको ९.७ प्रतिशत घरमा शौचालयको अवस्थामा सुधार गर्नुपर्ने देखिएको छ भने ६.७ प्रतिशत घरमा निर्माण गर्नुपर्ने देखिएको छ । गाउँपालिकामा वडा नं. ९ मा ७ वटा, वडा नं. ८ मा ३ वटा, वडा नं. ३ मा ४ वटा तथा वडा नं. ४ र २ मा १/१ वटा गरि १६ वटा सार्वजनिक शौचालयहरु निर्माण गरिएको छ ।

### २.१.८ भौतिक अवस्था

**सडक तथा यातायात:** गाउँपालिकाको रणनीतिक सडक राङ्चा माहोरडाँडा सडक (२९ कि.मि.) तथा अन्तर स्थानीय तह सडकहरुमा लिखु एक्वायर सडक (३१ कि.मि.) र साँघुटार सिंहदेवी घोराखोरी सडक (९ कि.मि.) रहेका छन् । यसका अलावा गाउँपालिकामा २६ वटा प्रमुख सडक र ४५ वटा शाखा सडक निर्माण गरिएका छन् । गाउँपालिका क्षेत्रभित्र ३९९ कि.मि. सडक रहेको भएता पनि हाल सम्म कुनै पनि सडक कालोपत्रे हुन सकेको छैन । गाउँपालिकामा दैनिक गाडीको सुविधा रहेको छ । गाउँपालिकाको वडा नं. १ सिकारी डाँडा च्युरीडाँडा र वडा नं. ५ यसम क्षेत्रमा गरि २ वटा बसपार्क निर्माण गरिएको छ । यसममा १० रोपनी ५ आना २ पैसा क्षेत्रफलको जग्गामा १२ वटा गाडी तथा सिकारी डाँडा च्युरीडाँडामा २ रोपनी जग्गामा १० वटा गाडी पार्किङ गर्न सकिन्छ । गाउँपालिकामा ३६ वटा झोलुङ्गे पुल निर्माण गरिएको छ ।

**विद्युत तथा वैकल्पिक उर्जा:** लिखु गाउँपालिकामा ९२.७ प्रतिशत घरघुरीमा विद्युतियीकरण भएको छ । केन्द्रिय विद्युत प्रसारण सेवाको पहुँच वडा नं. ४, ५ र ८ मा शुन्य बराबर देखिन्छ र सोही वडाहरुमा लघु जलविद्युत आयोजनाबाट विद्युत सेवाको आपूर्ति भएको छ । वडा नं. २ र ३ मा केन्द्रिय विद्युत प्रसारणको पहुँच उल्लेख्य देखिन्छ भने वडा नं. ९ र ६ मा विस्तार हुँदै छ । लिखु गाउँपालिकाका २७.८ प्रतिशत घरधुरीमा केन्द्रिय प्रसारणको विद्युतको पहुँच रहेको छ । गाउँपालिकामा अझै पनि ७०.५ प्रतिशत घरधुरी लघु जलविद्युत र १.७ प्रतिशत घरधुरी सौर्य ऊर्जामा निर्भर छ । गाउँपालिकामा ८०५ कि.वा. क्षमताको भञ्ज्याङ्ग क्षेत्रमा अवस्थित महभिर खहरेखोला लघु जलविद्युत विकास आयोजान सहित १३ वटा लघु जलविद्युत आयोजनाहरु सञ्चालनमा छन् । लिखु गाँउपालिका पूर्णतया ग्रामीण रहेकोले खाना पकाउनको लागि ९१.८१ प्रतिशत घरधुरीले  परम्परागत काठ/दाउरा नै प्रयोग गर्ने गर्दछन् । त्यस्तै गरि ७.७९ प्रतिशत घरले एल.पी. ग्यास, ०.१० प्रतिशतले गोबर ग्यास, ०.०३ प्रतिशत घर परिवारले मट्टितेल र ०.१५ घरले अन्य ईन्धन प्रयोग गरेको देखिन्छ ।

**सञ्चार:** लिखु गाउँपालिकामा सञ्चारको मुख्य स्रोतको रुपमा मोबाईल प्रयोग गर्ने परिवार ९०.४ प्रतिशत रहेको छ भने टि.भी. र रेडियो मात्र प्रयोग गर्ने क्रमश: ३५.५ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । यसका साथै आधुनिक सुविधाहरु जस्तै मोटरसाईकल (६.२ प्रतिशत), गाडी (१.६ प्रतिशत), कम्प्युटर (१.२

प्रतिशत), टेलिफोन (१.१ प्रतिशत), ईन्टरनेट (०.३ प्रतिशत), आदि प्रयोग गर्ने गरेका छन् भने सञ्चारको कुनै सुविधा नभएको घर परिवार २.९ प्रतिशत छन् ।

**सिञ्चाई:** लिखु गाउँपालिकामा सिञ्चाईको लागि लिखु खोला, सिल्खु खोला, कुवापानी खोला, ठूलो खोला, जुके खोला, महभिर, पोकली खोला, सेलेले खोला, जिम्पाखा ठाडो खोला, टुडे खोला, सावाले खोला, धारे खोला, दहरी खोला र खहरे खोलाबाट गाउँपालिका क्षेत्रभित्र खेतियोग्य जमिनहरुमा सिञ्चाई सुविधा पुर्‍याईरहेको देखिन्छ । गाँउपालिकामा कुल ३८ वटा सिञ्चाई आयोजनाहरु सञ्चालनमा छन् ।

## २.२ मानव संसाधनको अवस्था

लिखु गाउँपालिकाको पहिलो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँपालिकाको कार्य सञ्चालन भईरहेको छ । यस गाउँपालिकामा रहेका ९ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरु सहित जम्मा ५० जना गाउँसभा सदस्य तथा १८ जना कार्यपालिका सदस्य रहेका छन् ।

त्यसैगरी गाउँ कार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि गाउँपालिकाले तय गरेको गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति र शाखा, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, सब-ईन्जिनियर, सब ओभरसियर, कम्प्युटर तथा कार्यालय सहयोगी र वडा कार्यालयहरुमा वडा सचिव तथा सामाजिक परिचालक रहने व्यवस्था गरिएको देखिन्छ । लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत रहेको यस गाउँपालिकामा कार्यरत कर्मचारी सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

*तालिका ४: गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण*

| क्र.सं. | पद | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | प्रमूख प्रशासकीय अधिकृत | १ | प्रशासन |
| २ | ज. स्वा. नि. | १ | स्वास्थ्य तथा सरसफाई |
| ३ | अधिकृत (छैठौं) | २ | प्रशासन तथा योजना, शिक्षा |
| ४ | ईन्जिनियर | १ | पूर्वाधार विकास |
| ५ | सहायक (पाचौं) | ५ | प्रशासन तथा योजना, जिन्सी तथा भण्डार, आर्थिक प्रशासन, सामान्य प्रशासन, कृषि विकास |
| ६ | कम्प्युटर अपरेटर | १ | न्यायिक समिति |
| ७ | प्राविधिक सहायक | २ | शिक्षा, रोजगार सेवा केन्द्र |
| ८ | कविराज | १ | आयुर्वेद |
| ९ | सब-ईन्जिनियर | १ | पूर्वाधार विकास |
| १० | खरिदार | १ | व्यवसाय तथा सङ्घ संस्था |
| ११ | प्रशासन सहायक (चौंथो) | ४ | सामान्य प्रशासन, आर्थिक प्रशासन, जिन्सी तथा भण्डार, आन्तरीक लेखा परीक्षण |
| १२ | खा.पा.स.टे. | १ | पूर्वाधार विकास |
| १३ | सूचना प्रविधि अधिकृत | १ | सूचना प्रविधि |
| १४ | रोजगार संयोजक | १ | रोजगार सेवा केन्द्र |
| १५ | एम.आई.एस अपरेटर | १ | पंजीकरण तथा सामाजिक सुरक्षा |
| १६ | सहायक (चौंथो) | ४ | पशुपन्छी विकास - २, कृषि विकास - २ |

| | | | |
|---|---|---|---|
| १७ | फिल्ड सहायक | १ | पंजीकरण तथा सामाजिक सुरक्षा |
| १८ | उद्यम विकास सहजकर्ता | २ | उद्यम विकास |
| १९ | सुपरिवेक्षक | १ | गरिब परिचय पत्र (करार) |
| २० | गणक | ३ | गरिब परिचय पत्र (करार) |
| २१ | प्रहरी जवान | ५ | गाउँपालिका प्रहरी |
| २२ | हल्का सवारी चालक | २ | गाउँपालिका (करार) |
| २३ | कार्यालय सहयोगी | २५ | गाउँपालिका - ४, वडा कार्यालय -९, आयुर्वेद औषधालय - २, स्वास्थ्य शाखा - ७, आधारभुत स्वास्थ्य केन्द्र -३ |
| २३ | स्वीपर | ६ | गाउँपालिका -१, स्वास्थ्य शाखा - ५ |
| २५ | असिस्टेन्ट सव-ईन्जिनियर | ५ | वडा कार्यालय |
| २६ | कार्यालय सहायक | ९ | वडा कार्यालय |
| २७ | वैद्य | १ | आयुर्वेद औषधालय |
| २८ | सिनियर अ.न.मि. | ४ | स्वास्थ्य चौकी |
| २९ | हेल्थ असिसटेन्ट (पाचौं) | ५ | स्वास्थ्य चौकी |
| ३० | अ.हे.ब. | १५ | स्वास्थ्य शाखा - १३, आधारभुत स्वास्थ्य केन्द्र -२ |
| ३१ | अ.न.मि. | ३ | आधारभुत स्वास्थ्य केन्द्र - ३ |
| ३२ | मेडिकल अधिकृत | १ | स्वास्थ्य क्षेत्र सुधार केन्द्र |
| ३३ | ल्याव टेक्निसियन | १ | स्वास्थ्य क्षेत्र सुधार केन्द्र |
| ३४ | सिनियर अ.हे. (छैठौं) | १ | स्वास्थ्य चौकी |
| | **जम्मा** | १२६ | |

लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार गाउँ कार्यपालिका, ९ वटा वडा कार्यालयहरु, विषयगत कार्यालयहरु (शिक्षा, स्वास्थ्य), आदिमा स्थायी तथा करार गरि १२६ जना कर्मचारी कार्यरत छन् । लिखु गाउँपालिकाको संगठनात्मक तथा मानव संशाधन तालिका यस प्रकार रहेको छ:




*चित्र ४:लिखु गाउँपालिकाको संगठनात्मक तालिका*

## २.३ भौतिक सम्पत्तिको अवस्था

लिखु गाउँपालिकाको कार्यालय हाल वडा नं. ४ यसममा रहेको छ । लिखु गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार गाउँपालिकाको आफ्नै जग्गामा १६ कोठे विषयगत कार्यालय (२ तल्ले), ८ कोठे सभा भवन (३ तल्ले), ५ कोठे प्रशासकीय भवन (१ तल्ले), १५ कोठे विभागीय भवन (२ तल्ले), ३ कोठे चमेनागृह (१ तल्ले) र १ कोठे स्क्रयाप टहरा ब्लक (१ तल्ले) रहेका छन् । यद्यपि स्थायी रुपमा प्रमुख प्रसासकीय भवनको डि.पि.आर. तयार तयार भई निर्माण हुन बाँकी रहेको छ । गाउँपालिकाका ९ वटा वडा मध्ये ५ वटा वडा कार्यालयको आफ्नै भवन रहेको छ भने ४ वटा वडा कार्यालयहरु भाडामा रहेका छन् । वडा नं १, ३, ५ र ७ का वडा कार्यालयहरु भाडामा रहेको देखिन्छ र वडा नं.४ बाङ्गेपिपल स्थित सामुदायिक भवन हाल वडा कार्यालयको रुपमा प्रयोग भईरहेको छ । पालिकाको केवल वडा नं. ९ को कार्यालय पक्की रहेको छ भने अन्य वडा कार्यालयहरु कच्ची अवस्थामा छन् ।

गाउँपालिकामा अचल सम्पत्तिका रुपमा भवन, जमिन, कार, मोटर साईकल, कम्प्युटर, फर्निचर, मेशिनहरु, आदि रहेका छन् । सवारी साधनतर्फ २ वटा पिक अप गाडी र १३ थान मोटर साईकल रहेको छ भने १ वटा ब्याक हो लोडर खरिद गरेको छ । सूचना प्रविधितर्फ गाउँपालिका आफैले पूर्वाधार निर्माण गरि सम्पूर्ण वडा कार्यालय सम्म ईन्टरनेट सेवा विस्तार गरेको छ । पालिकामा सुचना, कम्प्युटर तथा दुरसञ्चार उपकरण ४० वटा, कार्यालय उपकरणहरु २५ वटा, कम्प्युटर उपकरणहरु ९१ वटा, विद्युतिय उपकरण ८५ वटा, सञ्चार उपकरण १ वटा, निर्माण सम्बन्धी उपकरणहरु ६ वटा, अग्नि रक्षक उपकरणहरु १२ वटा, फर्निचर ३०७ वटा र जमिन १५ वटा रहेको छ । राजस्व सङ्कलनको लागि कम्प्युटर विलिङ शुरु गरिएको छ । राजस्व परिचालनका लागि गरिएको प्रभावकारी प्रयासहरुमा सफ्टवेयर खरीद गरि राजस्व सम्बन्धी डाटावेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग गरिएको छ । गाउँपालिकाले आफ्नो स्वामित्वमा तथा हकभोगमा रहेका जग्गा तथा भवनहरुको अभिलेख नियमित अद्यावधिक गर्नुपर्दछ । यसरी गाउँपालिकाले आफ्नो स्वामित्व तथा हकभोगमा रहेका सम्पत्तिको उपयोग गरि नियमित आयआर्जन गर्नका लागि आवश्यक लगानी तथा निर्णय गर्न सकिन्छ ।

# परिच्छेद ३. स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

स्थानीय तहलाई प्राप्त राजस्व सम्बन्धी अधिकार र सो अधिकार कार्यान्वयनका लागि गाउँपालिकाका तर्फबाट गरिएका कानूनी व्यवस्था र गाउँपालिकाको राजस्व सङ्कलन अवस्था, सम्भावना, समस्या तथा चुनौतीहरु शीर्षकगत रुपमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

## ३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तरगत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर ल्याउन सक्नेछन् र गैरकर अन्तरगत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*तालिका ५ : तहगत राजस्व अधिकार*

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| ▪ भन्सार<br>▪ अन्त:शुल्क<br>▪ मूल्य अभिवृद्धि कर<br>▪ संस्थागत आयकर<br>▪ व्यक्तिगत आयकर<br>▪ पारिश्रमिक कर<br>▪ राहधानी कर<br>▪ भिसा शुल्क<br>▪ पर्यटन दस्तुर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ घरजग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ मनोरञ्जन कर<br>▪ विज्ञापन कर<br>▪ पर्यटन शुल्क<br>▪ कृषि आयमा कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ दण्ड जरिवाना | ▪ सम्पत्ति कर<br>▪ घर बहाल कर<br>▪ घर जग्गा रजिष्ट्रेशन शुल्क<br>▪ सवारी साधन कर<br>▪ सेवा शुल्क दस्तुर<br>▪ पर्यटन शुल्क<br>▪ विज्ञापन कर<br>▪ व्यवसाय कर<br>▪ भूमिकर (मालपोत)<br>▪ मनोरञ्जन कर<br>▪ मालपोत सङ्कलन<br>▪ दण्ड जरिवाना | ▪ सेवा शुल्क<br>▪ दस्तुर<br>▪ दण्ड जरिवाना<br>▪ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>▪ पर्यटन शुल्क |

*स्रोत: नेपालको संविधान, २०७२*

### ३.१.२ कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि दफा ६३ सम्म स्थानीय तहको वित्तीय अधिकार सम्बन्धी व्यवस्था रहेको छ । यसमा कर अन्तर्गत प्रत्यक्ष करहरु जस्तै सम्पत्ति कर, भूमिकर (मालपोत), घरजग्गा वहाल कर, वहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडीवुटी, कवाडी र जीवजन्तु कर, आदि छन् भने अप्रत्यक्ष कर जस्तै व्यवसाय कर जस्ता करहरु रहेका छन् । यसै गरि गैरकर अन्तर्गत गाउँपालिका वा नगरपालिकाबाट विभिन्न सेवाहरु उपभोग गरे वापतको सेवाशुल्क जस्तै विभिन्न पर्यटन व्यवसाय शुल्क, स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार उपयोग शुल्क,

स्थानीय तहले उपलब्ध गराएको कुनै सेवा उपयोग गरे वापत सेवा उपयोगकर्ताहरुबाट असूल गरिने सेवा व्यवस्थापन शुल्क, विभिन्न नियमन सेवा तथा सिफारिस वापत प्राप्त भएको दस्तुर वापतको रकम, नक्सापास दस्तुर र गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तु विक्री र अन्य सम्पत्ति विक्री सामुदायिक वनको आय र जनसहभागिता वापतको रकम आदि रहेका छन्।

यसै गरि प्रदेश र स्थानीय तह दुवैले साझेदारीमा सकलन गर्ने घरजग्गा रजिष्ट्रेशन दस्तुर रहेको छ। जसको दर प्रदेशले तोक्ने र सङ्कलन स्थानीय तहले गर्ने प्रावधान रहेको छ। हालसम्म सङ्घीय तहबाट स्थानीय तहमा घरजग्गाको लगत स्थानान्तरण भई नसकेको र सङ्घीय सरकार मातहतको जिल्लास्थित मालपोत कार्यालयले नै घरजग्गा कर प्रदेश कानून वमोजिम असूल उपर गरि त्यसको ६० प्रतिशत सम्बन्धित गाउँपालिका वा नगरपालिका र ४० प्रतिशत सम्बन्धित प्रदेशमा पठाउने गरेको छ।

यसरी स्थानीय गाउँपालिकामा देहायको चित्रमा देखाए बमोजिमका स्रोतबाट रकम प्राप्त हुने गर्दछ।




*चित्र ५ : राजस्व अधिकार सम्बन्धी कानुनी व्यवस्था*

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहको वित्तीय अधिकारलाई थप स्पष्ट पार्न सङ्घीय, प्रदेश सरकार र स्थानीय तहले परिचालन गर्ने कर र गैर करका शिर्षकहरु निर्धारण गर्नुका अलावा संविधानका अनुसुचीमा एकल अधिकारमा दोहोरो अधिकार क्षेत्रमा परेका र संयुक्त अधिकार क्षेत्रका राजस्वका शिर्षकहरुको सन्दर्भमा प्रदेश र स्थानीय तह बीच एकल कर प्रशासन सम्बन्धमा निम्नानुसारको थप व्यवस्था समेत गरेको छ। शुरुमा राखिएको व्यवस्थामा २०७५ सालको आर्थिक ऐनले थप परिमार्जन समेत गरेको छ। परिमार्जित व्यवस्था देहाय बमोजिम रहेको छ ।

एकल कर प्रशासन सम्बन्धी व्यवस्था *(आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन सहित)*

*तालिका ६ : एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच बाँडफाँड व्यवस्था*

| करका क्षेत्रहरु | दर निर्धारण गर्ने तह | सङ्कलन गर्ने तह | राजस्व बाँडफाँड (प्रतिशत) | |
|---|---|---|---|---|
| | | | प्रदेश | स्थानीय तह |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ :

- यस्तो एकल कर बाँडफाँट प्रयोजनका लागि सङ्कलन गर्ने तहले (प्रदेश र स्थानीय) सङ्कलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।
- प्रदेश सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँट गर्ने ।
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

### स्थानीय तहको आन्तरीक आय




स्थानीय तहको सरकार अर्थात् गाउँपालिका तथा नगरपालिकालाई कानूनले कर, सेवाशुल्क, दस्तुर तथा दण्ड जरिवानाबाट राजस्व प्राप्त गर्ने अधिकार प्रदान गरेको छ । यी राजस्वका स्रोतहरु सम्बन्धित व्यक्तिले प्रत्यक्ष रुपमा भुक्तानी गर्नुपर्ने किसिमका छन् । यसैले हरेक नागरिकले आफुले तिरेको करको उपयोग स्थानीय सरकारले कसरी गरेको छ भन्ने विषयमा स्वभाविक रुपमा चासो र सरोकार राख्ने गर्दछ र स्थानीय सरकारले यसको सही उपयोग गर्ने दायित्व निर्वाह गर्नुपर्दछ ।

### राजस्व परिचालन चक्र र प्रक्रिया

स्थानीय तहमा राजस्व परिचालनलाई सुदृढ बनाउन देहाय बमोजिमको चक्र अनुसारका विभिन्न खुड्किलाहरु जस्तै क) नीति तथा कार्यविधिहरुको निर्माण र संस्थागत व्यवस्था (यस अन्तर्गत ऐन, कानून कार्यविधिहरुको तर्जुमा, नियमावली निर्णयहरु निर्माण तथा पुराना काम नलाग्न निर्णयहरु खारेजी, करको ढाँचा र दरको निर्धारण तथा सभाबाट अनुमोदन र सशक्त र प्रभावकारी राजस्व शाखाको स्थापना गरि कर्माचारीको व्यवस्था समेत पर्दछन्), ख) करदाताहरुको गणना र दर्ता (राजस्वको नक्साङ्कन, करदाताहरुको पहिचान तथा लगत तयारी, फारामको उपलब्धता र सो फारममा आम्दानीको स्रोतको अभिलेखीकरण), ग) राजस्वको बारेमा जानकारी, प्रचार प्रसार र करको अनुमान (करयोग्य स्रोत निर्धारण र सार्वजनिक छलफल तथा चेतनामूलक गोष्ठीहरुको आयोजना), घ) कर सङ्कलन तथा करदाताहरुसँग सम्बन्ध निर्माण (तिरेको करको बिल बनाई वितरण गर्ने र करचुक्ता विधि प्रणालीको प्रचार प्रसार, आम सञ्चारको माध्यमबाट प्रचार प्रसार र छलफल कार्यक्रमको आयोजान), ङ) कार्यान्वयन तथा अनुगमन, आन्तरिक नियन्त्रण (बिल र रसिद काटेको तथा कर सङ्कलन भएको सुनिश्चित गर्ने, समयमा आर्थिक

प्रशासन शाखामा कर रकम दाखिला तथा आम्दानी बाँधिएको सुनिश्चतता र आन्तरिक लेखापरीक्षण, समयमा कर नतिर्ने करदातालाई दण्ड जरिवाना भए नभएको अनुगमन र कानूनी कारवाही, अन्तिम लेखापरीक्षन आदि) र च) अभिलेखीकरण तथा प्रतिवेदन र उत्तरदायित्व वहन (गाउँपालिकाको सेवा र राजस्वको आवद्धता, राजस्व सङ्कलन तथा यसको उपयोगको सार्वजनिकीकरण, करको किसिम र स्थानको आधारमा राजस्वको प्रतिवेदन र नियमित रुपमा प्रकाशन गर्ने आदि) आदि पर्दछन् । यो चक्रका प्रत्येक खुड्किलामा गाउँपालिकाको राजस्व प्रशासन र अन्य प्रशासकीय व्यवस्था, प्रमुख प्रशासकीय अधिकृत तथा अध्यक्ष र समग्र कार्यपालिकाको सहयोग, समन्वय, सहजीकरण र निगरानी आवश्यक पर्छ ।




*चित्र ६ : राजस्व प्रशासन चक्र प्रक्रिया*

### गाउँपालिकाको आन्तरिक राजस्वका स्रोतहरु

**क) सम्पत्ति कर सम्बन्धी व्यवस्था :** गाउँपालिकाको आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउन सकिने छ । यस बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गा सम्पत्ति कर लगाएर

बाँकी जग्गा नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने छ । स्पष्टिकरण घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको क्षेत्रफल बराबरको जग्गा र अधिकतम सो बराबरको थप जग्गा सम्झनु पर्दछ । यसरी सम्पत्ति कर लगाउँदा देहायबमोजिमका विषयलाई आधार लिनुपर्ने व्यवस्था रहेको छ ।

१. घर र जग्गाको आकार प्रकार र बनौट
२. घर र जग्गाको प्रचलित बजार मूल्य तथा घरको हकमा ह्रास मूल्य
३. घर र जग्गाको व्यापारिक वा आवासीय उपयोगको अवस्था

**ख) भूमिकर (मालपोत) सम्बन्धी व्यवस्था** : गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर (मालपोत) लगाउने छ । आर्थिक ऐन, २०७५ ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सोभन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

**ग) व्यवसाय कर:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन सक्ने छ ।

**घ) घर जग्गा बहाल कर:** गाउँपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति, वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएको गाउँपालिकाले त्यस्तो बजाल रकममा बहाल कर लगाउन सक्ने छ ।

**ङ) सवारी कर:** गाउँपालिकाले सिमित सवारी साधन (अटोरिक्सा तथा इ-रिक्सा, ठेला गाडा, टाँगा र रिक्साहरुको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर सङ्कलन गर्न सक्ने अधिकार पाएको छ । तर यस गाउँपालिकाले चालु आ.व.मा सवारी कर निर्धारण गरिएकोले ढुवानी र यातायात एवम् अन्य सवारी साधनहरुको कर सङ्कलन गरिने छ ।

**च) विज्ञापन कर:** गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइन वोर्ड, ग्लो वोर्ड, स्टल, आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ ।

**छ) गैर करहरु:** स्थानीय सरकार सञ्चालन ऐनमा गाउँपालिकाले पर्यटन शुल्क अन्तर्गत आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, न्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी गाउँपालिकाबाट विभिन्न सिफारिसहरु, इजाजत पत्र तथा नविकरण जस्तै एफएम रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजत पत्र, निजी विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा तालिम, ट्युशन तथा कोचिङ सेन्टर, औषधी पसल, प्लटिङ जस्ता व्यवसायिक संस्थाहरुको दर्ता, नविकरण आदिमा विभिन्न दस्तुर सङ्कलन गर्ने व्यवस्था रहेको छ ।

**ज) प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट सम्बन्धी व्यवस्था**

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट अन्तरगत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी बाँडफाँट सम्बन्धमा निम्न तालिकामा व्यवस्था गरेको छ ।

*तालिका ७ : प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट (प्रतिशतमा)*

| स्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| पर्वतारोहण | ५० | २५ | २५ |
| विद्युत | ५० | २५ | २५ |
| वन | ५० | २५ | २५ |
| खानी तथा खनिज | ५० | २५ | २५ |
| पानी तथा अन्य स्रोत | ५० | २५ | २५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ (अनुसुची ४)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले स्थानीय तहले प्राप्त गर्ने २५ प्रतिशतको हिस्साको लागि प्रत्येक स्थानीय तहको प्राकृतिक स्रोतको अवस्थिति तथा प्राकृतिक स्रोतमा आधारित परियोजना वा उपयोगबाट प्रभावित क्षेत्र र जनसङ्ख्याको पहिचान गरि स्थानीय तहलाई रकम बाँडफाँट गर्न सिफारिस गरेको छ ।

**झ) कर राजस्व बाँडफाँट सम्बन्धी व्यवस्था**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकममध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोषमा राखी सोबाट रकममध्ये सङ्घीय सरकारले ७० प्रतिशत, प्रदेशले १५ प्रतिशत र स्थानीय सरकारले १५ प्रतिशत बाँडफाँट गर्ने व्यवस्था रहेको छ ।

*तालिका ८ : कर राजस्वको बाँडफाँट सम्बन्धी व्यवस्था*

| स्रोतहरु | सङ्घ | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| मूल्य अभिवृद्धि कर (भ्याट) | ७० | १५ | १५ |
| अन्तशुल्क | ७० | १५ | १५ |

*स्रोत : अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ परिच्छेद ३ (६)*

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँट गर्दा लिइने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिइने आधार र मापदण्डहरु तयार गरि कार्यान्वयनका लागि सहजिकरण गर्नुपर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँट सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरु बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरि त्यसको निवारण गर्न समन्वयात्मक रुपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संवैधानिक व्यवस्था गरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँट गर्दा सो सँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा अध्ययन र अनुसन्धान गरि नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

हाल राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनसङ्ख्या (कूल जनसङ्ख्या र आश्रित जनसङ्ख्या), क्षेत्रफल, मानव विकास सूचकाङ्क, न्यून विकास सूचकाङ्कको आधारमा प्रदेश तथा स्थानीय तहहरुलाई राजस्व बाँडफाँट गर्ने गरि सिफारिस गरेको छ ।

*तालिका ९ : राजस्व बाँडफाँटका लागि भएको सिफारिसको आधारहरु (प्रतिशतमा)*

| सि.नं. | आधारहरु | प्रदेश | स्थानीय तह |
|---|---|---|---|
| १ | जनसङ्ख्या (कूल जनसङ्ख्या अनुपात ८०, आश्रित जनसङ्ख्या अनुपात २०) | ७० | ७० |
| २ | क्षेत्रफल | १५ | १५ |
| ३ | मानव बिकास सूचकाङ्क | ५ | ५ |
| ४ | न्यून विकास सूचकाङ्क<br>पूर्वाधार सूचकाङ्क (७० प्रतिशत खर्चको आवश्यकता सूचकाङ्क २० प्रतिशत र सामाजिक तथा आर्थिक असमानता सूचकाङ्क १० प्रतिशत) | १० | १० |
| **जम्मा** | | **१००** | **१००** |

*नोट: यस सूत्रबाट आएको रकममा ठूलो फरक देखिने र अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा २१ ले प्रदेश तथा स्थानीय तहले आफ्नो प्रशासनिक खर्च आन्तरीक राजस्व तथा राजस्व बाँडफाँटबाट पुऱ्याउनु पर्ने हुनाले वित्त आयोगले प्रत्येक स्थानीय तहलाई न्यूनतम रकम र त्यसमा सुत्र अनुसार रकम बाँडफाँट गर्ने गरेको छ ।*

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरुको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले लिखु गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरुको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

*तालिका 1 : गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था*

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | सङ्कलन |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | घर जग्गा कर (सम्पत्ति) | छ | भएको | भएको |
| ३ | घर जग्गा वहाल कर | छ | भएको | भएको |
| ४ | व्यवसाय कर | छ | भएको | भएको |
| ५ | सवारी साधन कर | छ | भएको | नभएको |
| ६ | मनोरञ्जन कर | छ | भएको | नभएको |
| ७ | विज्ञापन कर | छ | भएको | नभएको |
| ८ | जडीवुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| **ख.** | **गैर कर** | | | |
| १ | वहाल विटौरी शुल्क | छ | भएको | भएको |
| २ | दहत्तर, वहत्तरको विक्री | छ | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको विक्रीबाट प्राप्त आय) | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ६ | पार्किङ्ग शुल्क | छ | भएको | नभएको |
| ७ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ८ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ९ | स्थानीय खानेपानी महशुल | छ | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १० | स्थानीय विद्युत महशुल | छ | नभएको | नभएको |
| ११ | ट्रेकिंग, कायाकिंग, वन्जीजम्प, जीपफ्लायर, पाराग्लाईडिंग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | भएको | नभएको |
| १२ | निर्माण, सञ्चालन र व्यवस्थापित गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल, आदि) | छैन | नभएको | नभएको |
| १३ | मूल्याङ्कन सेवा शुल्क (अचल सम्पत्ति) | छ | नभएको | नभएको |
| १४ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफ.एम. रेडियो सञ्चालन, 'घ' वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १५ | ढुङ्गा, गिट्टी, वालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १६ | वडा कार्यालयमार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १७ | दण्ड जरिवाना | छ | भएको | भएको |

माथिको तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ ८ वटा शिर्षकहरुमा आय सङ्कलन गर्ने सम्भावना भएता पनि ५ वटा शिर्षकहरुमा राजस्व सङ्कलन भइरहेको । जसमध्ये गाउँपालिकाले शिर्षकहरुको करका दरहरु निर्धारण गरेता पनि चालु आ.व.मा मालपोत कर, सम्पत्ति कर, घर वहाल कर, व्यवसाय कर शिर्षकमार्फत आय सङ्कलन भइरहेको छ । त्यसैगरी गैर कर तर्फ समग्रमा जम्मा १७ वटा शिर्षकहरु मध्ये ८ वटा शिर्षकहरुमा दर निर्धारण गरिएको छ । गैर करबाट शिर्षकहरुबाट आय सङ्कलन हुन सक्ने सम्भावना भएतापनि केही शिर्षकहरुबाट मात्र राजस्व सङ्कलन भइरहेको छ ।

## ३.३ आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

लिखु गाउँपालिकाले गाउँसभाबाट आ.व. २०७८/७९ का लागि विभिन्न शिर्षकहरुका लागि कर दर रेट निर्धारण तथा स्वीकृत गरि मिति २०७८-०३-३१ गते स्थानीय राजपत्र प्रकाशन गरिसकेको छ । गाउँपालिकाको आन्तरिक आय सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण छुट्टाछुट्टै निम्न उपशिर्षकहरुमा गरिएको छ ।

### ३.३.१ स्थानीय कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्था:** लिखु गाउँपालिकाले सम्पत्ति कर दर निर्धारण गरि करलाई कार्यान्वयनमा ल्याइएको छ । गाउँपालिकामा निर्मित घरहरुलाई एक तल्ले कच्ची घर, एक तल्ले पक्की घर, दुई तल्ले कच्ची घर, दुई तल्ले पक्की घर, तीन तल्ले भन्दा माथि कच्ची घर र तीन तल्ले भन्दा माथि पक्की घर लगायत ६ प्रकारमा वर्गिकरण गरि क्रमश: औषत लागत दर प्रति घर रु २२०, रु ५५०, रु ३००, रु १,१००, रु ३५० र रु २,५०० कायम गरि घरको मूल्याङ्कन गर्ने गरिएको छ । गत आ.व. २०७७/७८ मा यस सम्बन्धी यस शिर्षक अन्तर्गत रु ५,२५,८२८ उठेको छ ।

**सम्भाव्यता:** विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको छ । गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार गाउँपालिकामा ३,९९३ घरधुरी रहेकोमा आफ्नो स्वामित्व भएको घरहरु ३,९४२ देखिन्छ । भुकम्प पछिको निजी आवास पुननिर्माण पछि अधिकांश अर्धपक्की घरहरु बनेको हुनाले अर्धपक्की घरहरुको लागि करको रकम निर्धारण नभएकोले तथा घरहरुको तल्ला सम्बन्धी तथ्याङ्क उपलब्ध नभएकोले हाल यस शिर्षक अन्तर्गत सङ्कलन हुन सक्ने करको रकम रु ११,०१,२०० अनुमान गरिएको छ जुन विस्तृत रुपमा तलको तालिकामा देखाइएको छ ।

*तालिका ११ : सम्पत्ति करको सम्भाव्यता विश्लेषण*

| घरको किसिम | अनुमानित घर सङ्ख्या | करको दर | सम्भावित कर रकम |
|---|---|---|---|
| एक तल्ले कच्ची घर | १३५० | २२० | २९७००० |
| एक तल्ले पक्की घर | २ | ५५० | ११०० |
| दुई तल्ले कच्ची घर | २२६१ | ३०० | ६७८३०० |
| दुई तल्ले पक्की घर | १० | ११०० | ११००० |
| तीन तल्ले भन्दा माथि कच्ची घर | ३१८ | ३५० | १११३०० |
| तीन तल्ले भन्दा माथि पक्की घर | १ | २५०० | २५०० |
| **जम्मा** | **३,९४२** | **-** | **११,०१,२००** |

**सुधारका पक्षहरु:**

- सम्पत्ति करको विभिन्न क्याटेगोरीहरु अनुसार तथ्याङ्क अद्यावधिक गर्ने ।
- गाउँपालिकामा अधिकांश अर्धपक्की घरहरु भएको हुनाले यसलाई पनि समावेश गर्न क्याटेगोरीहरु थप गर्ने ।
- बजार क्षेत्र, आवासीय क्षेत्र मूल सडकमा परेका घरहरुको छुट्टै वर्गीकरण गरि कर निर्धारण गर्ने ।
- गाउँपालिका र वडास्तरमा पदाधिकारी तथा कर्मचारीहरुका लागि सम्पत्ति कर सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गर्ने ।
- सम्पत्ति करको सम्बन्धमा नागरिकहरुलाई विभिन्न माध्यमबाट सूचित गर्ने ।
- सम्पत्ति कर सङ्कलनमा वृद्धि गर्न प्रोत्साहनको लागि पुरस्कार तथा छुटको व्यवस्था गर्ने ।

### ख. मालपोत (भूमि कर)

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा मालपोतको दर उल्लेख गरि सङ्कलन गरि आएकोमा चालु आ.व.मा अध्यावधिक गरि कार्यान्वयनमा ल्याइएको छ । परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार गरि चार समूहमा वर्गीकरण गर्ने गरिएकोमा जग्गाको उपयोगिता अनुसार खेत र बारी गरि दुई वटा क्याटेगोरीमा विभाजन गरिएको छ । चालु आ.व.मा मालपोत कर सङ्कलन गर्न १० रोपनी भन्दा कम बारीमा अब्बल, दोयम, सिम र चाहर खेतको प्रति रोपनी क्रमश ३०, २५, २० र १५ रुपैंया तथा बारीको हकमा क्रमश ५०, ४०, ३० र २० रुपैंया निर्धारण गरेको छ । त्यसै गरि १० रोपनी भन्दा माथिको बारीको हकमा थप रकम अब्बल, दोयम, सिम र चाहर खेतको प्रति रोपनी क्रमश ३, २, १.५ र १ रुपैंया तथा बारीको हकमा क्रमश ५, ४, २.५ र २ रुपैंया निर्धारण गरेको छ । गत आ.व. २०७७/७८ मा यस शिर्षक अन्तर्गत रु २,४५,९०३ सङ्कलन भएको छ ।

**सम्भाव्यता:** लिखुको गाउँपालिकामा २६,०१२ रोपनी खेत रहेको अनुमान गरि ती जग्गामा करको दर औषतमा रु २५ कायम गर्दा करीब रु ६,५०,३०० सङ्कलन हुन सक्ने देखिन्छ। त्यसैगरी ६०,६९३ रोपनी बारी रहेको अनुमान गरि औषत रु ३५ कायम गर्दा करीब रु २१,२४,२५५ सङ्कलन हुने भएकोले यस शिर्षकबाट कुल रु २७,७४,५५५ हजार आय हुन सक्छ।

**सुधारका पक्षहरु:** यस गाउँपालिकाको आन्तरिक आयको निकै महत्वपूर्ण स्रोत मालपोत (भूमि)कर भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न गाउँपालिकाले निम्न पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ।

- मालपोतको लागि जग्गाको किसिम अनुसार अभिलेख राख्ने।
- परम्परागत विधि अनुसार अब्बल, दोयम, सीम र चाहार भन्दा पनि गाउँपालिकाको भू-उपयोग योजना तयार गरि सो प्रतिवेदनमा उल्लेख भएका भू-उपयोगका किसिम अनुसार बजार क्षेत्र, व्यापारिक क्षेत्र, आवासिय क्षेत्र अनुसार मालपोत (भूमि) कर निर्धारण गरि वैज्ञानिक तवरले यसका क्याटेगोरीहरु निर्माण गर्ने।
- वडा कार्यालयले असुल गर्ने मालपोतको अभिलेख गाउँपालिकामा नियमित रुपले आउने व्यवस्था गरि कम्तिमा १ पटक चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- सम्भव भए मालपोत र सम्पत्ति कर एकै पटक लिने गरि एकीकृत सम्पत्ति कर असुली गर्ने व्यवस्था लागु गर्ने।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै कोठा भाडा लगाउने घरधनी वा सम्झौता बमोजिम बहालका साथै भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी बापत पाउने वहाल रकमको १० प्रतिशतका दरले असुल गर्ने व्यवस्था गरेको छ। पालिकाका प्राय जसो क्षेत्र ग्रामीण क्षेत्रमा पर्ने भएकोले गाउँपालिकाको यसम र अन्य बजारहरुमा सरकारी कार्यालय, बैङ्क तथा अन्य सङ्घसंस्थाहरु भाडामा बस्दै आएको हुनाले संस्थागत रुपमा बहालमा दिइएका घरहरुबाट मात्र यो कर सङ्कलन गर्न सकिने देखिन्छ। यस शिर्षक अन्तर्गत गत आ.व. २०७७/७८ मा रु १,३८,४७८ सङ्कलन भएको छ।

**सम्भाव्यता:** यस गाउँपालिकाको केन्द्र यसम लगायत अन्य बजार क्षेत्रमा केही घर तथा जग्गाहरु बहालमा रहेका छन्। गाउँपालिका भित्र करीब १५ वटा भवनहरु संस्थागत प्रयोजनका लागि भाडामा लेनदेन भएका छन्। ती संस्थागत बहालबाट ५४ हजार आम्दानी गर्न सकिने देखिन्छ। गाउँपालिकाका करीब १०० घरधुरीले मासिक भाडामा लिएर व्यापार गरिरहेको अनुमान छ। यसप्रकार गाउँपालिकामा करीब १०० परिवारले भाडा बापत वार्षिक औषत १२ हजार आम्दानी गरेको मानी त्यसको १० प्रतिशत कर लिंदा १ लाख २० हजार त्यसबाट प्राप्त हुनसक्ने देखिन्छ। आवासीय प्रयोजनका लागि करीब १० वटा घर वा कोठा भाडामा दिइएकोमा आवासीय भाडाबाट २४ हजार सङ्कलन हुने देखिन्छ। त्यसैगरी जग्गा भाडामा लिएर पोल्ट्री फर्म, फर्निचर लगायत विभिन्न उद्योग व्यवसाय सञ्चालन भएकोमा त्यसबाट वहाल कर करीब ५० हजार प्राप्त गर्न सकिन्छ। समग्रमा गाउँपालिकामा यस शिर्षकबाट करीब २ लाख ४८ हजार आय हुने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरु:**

- गाउँपालिकाको वस्तुस्थिति विवरण तयार पार्दा वहालमा भएका घरजग्गा तथा बहालमा लाग्न सक्ने घरहरुको लगत सङ्कलन गरि अद्यावधिक गर्ने।

- घर बहालको अभिलेख गाउँपालिकामा नियमित रुपले आउने व्यवस्था गरि कम्तिमा १ पटक चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- घर बहाल कर सङ्कलन निर्देशिका तयार गरि लागु गर्ने ।
- घर बहालको कर समय सापेक्ष अनुसार परिमार्जन गर्ने ।

### घ. व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा यस क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । व्यवसायीहरुलाई व्यवसायको किसिम र आकारको आधारमा नयाँ व्यवसाय दर्ता गर्न १ लाख सम्मको रु १,०००, १ लाखदेखि ३ लाखसम्म ३,०००, ३ लाखदेखि ५ लाखसम्म ५,०००, ५ लाखदेखि १० लाखसम्म ७,०००, १० लाखदेखि २० लाखसम्म १२,०००, २० लाखदेखि १ करोडसम्म २०,०००, १ करोडदेखि ५ करोडसम्म ३०,००० र ५ करोडदेखि माथि ५०,००० करको दर निर्धारण गरेको छ । त्यसै गरि व्यवसाय नविकरण गर्न रु १०० तोकिएको छ । वार्षिक व्यवसाय कर १ लाख सम्मको रु ७००, १ लाखदेखि ३ लाखसम्म १,०००, ३ लाखदेखि ५ लाखसम्म १,३००, ५ लाखदेखि १० लाखसम्म २,०००, १० लाखदेखि २० लाखसम्म २,२००, २० लाखदेखि १ करोडसम्म ३,०००, १ करोडदेखि ५ करोडसम्म ५,००० र ५ करोडदेखि माथि ८,५०० निर्धारण गरेको छ । यस शिर्षक अन्तर्गत गत आ.व.मा रु ३,३९,६२५ सङ्कलन भएको छ ।

**सम्भाव्यता:** गाउँपालिकाको पार्श्वचित्र, २०७८ अनुसार हालसम्म पसल व्यवसाय १३९ वटा, कृषि तथा पशु फर्म ७४ वटा, होटेल १५ वटा र निर्माण व्यवसायी १ गरि २२९ वटा व्यवसायहरु सञ्चालनमा रहेको उल्लेख छ । लिखु गाउँपालिकामा ७५ वटा नयाँ व्यवसाय दर्ता हुने अनुमान गरि औसत २५०० दर्ता शुल्क गरि रु १,८७,५०० उठ्न सक्छ । त्यसै गरि नविकरणमार्फत २२९ वटा व्यवसायको रु १०० को दरले रु २२,९०० सङ्कलन हुनेछ भने वार्षिक व्यवसाय कर २,३४,२०० गरि माथि उल्लेखित व्यवसायहरु आदिबाट व्यवसाय करको शिर्षकबाट कुल रु ४,४४,६०० राजस्व सङ्कलन हुन सक्ने देखिन्छ । यस सम्बन्धी विष्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ ।

*तालिका 2 : व्यवसाय करको सम्भाव्यता विश्लेषण*

| व्यवसायको किसिम | सङ्ख्या | करको दर | सङ्कलन हुने कर |
|---|---|---|---|
| नयाँ दर्ता | ७५ | २,५०० | १,८७,५०० |
| नविकरण | २२९ | १०० | २२,९०० |
| व्यवसाय कर | | | |
| १ लाख सम्मको | १२३ | ७०० | ८६,१०० |
| १ लाखदेखि ३ लाखसम्म | ५६ | १,००० | ५६,००० |
| ३ लाखदेखि ५ लाखसम्म | २१ | १,३०० | २७,३०० |
| ५ लाखदेखि १० लाखसम्म | ११ | २,००० | २२,००० |
| १० लाखदेखि २० लाखसम्म | १४ | २,२०० | ३०,८०० |
| २० लाखदेखि १ करोडसम्म | ४ | ३,००० | १२,००० |
| १ करोडदेखि ५ करोडसम्म | - | ५,००० | - |
| ५ करोडदेखि माथि | - | ८,५०० | - |
| **जम्मा** | | | **४,४४,६००** |

**सुधारका पक्षहरु:** गाउँपालिकाको व्यवसाय कर सङ्कलन सुधार ल्याउनका लागि निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ ।

- उद्योग वाणिज्य सङ्घको इकाई मार्फत व्यवसाय करको दरमा सहमति कायम गर्ने ।
- व्यवसायीहरुको तथ्याङ्क अध्यावधिक गरि गाउँपालिकामा दर्ता हुने व्यवसायीहरु वृद्धि गर्ने र घुम्ती शिविर मार्फत प्रचार प्रसार गर्ने ।
- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि व्यवसाय सञ्चालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- गाउँपालिकामा व्यवसायहरूको करको दर पुनरावलोकन गरि आर्थिक ऐनमा उल्लेख गर्ने ।
- व्यवसाय कर सङ्कलन टोली गठन गरि वर्षमा एक पटक व्यवसाय कर सङ्कलन अभियान सञ्चालन गर्ने ।

### ङ. विज्ञापन कर

**हालको अवस्था:** विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने सामाग्रीमा विज्ञापन कर लगाउन सक्नेछ । सङ्घीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कर लगाई असूल उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका सञ्चित कोषमा राजस्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाको सार्वजनिक स्थानमा विज्ञापन वा साईन बोर्ड राखे बापत वार्षिक कर १,००० निर्धारण गरिएको छ ।

**सम्भाव्यता:** गाउँपालिकाले कृषि हाटबजार तथा अन्य स्थानमा साईनवोर्ड वा टुल व्यानर राखी विज्ञापन विज्ञापन गरि वार्षिक रु १,००० का दरले उठाएर विज्ञापन करबाट कुल करीब रु ५० हजार राजस्व सङ्कलन हुन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरु:**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा साईनबोर्ड, वाल पेन्ट लगायतका विज्ञापन दर निर्धारण गरि कार्यान्वियन गर्ने ।
- सङ्कलित विवरण अनुसार विज्ञापन करको दर पूनरावलोकन गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरि ठेक्का अङ्क निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

### च. जडिवुटी, कवाडी र जीवजन्तु कर

**हालको अवस्था:** गाउँपालिकाले आर्थिक ऐनमा यस क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले जडिबुटी, वनकस जस्ता बस्तुको व्यावसायिक कारोबार गरे वापत कर लगाइने र असुल गर्ने गरि कर निर्धारण गरेको छ । यस क्षेत्रमा पाइने जडिवुटीहरुमा खोटो, टिमुर, तेजपात, चिउरी, कुरिलो, अलैंची, चिराईतो, लौठ सल्लो (पात), पाखानवेद, ठूलो ओखती, पदम चाल, जटामसी, काउलो, लोक्ता, अल्लो आदिको निकासी दस्तुर

प्रति केजी रु २ प्रतिशतदेखि ७ प्रतिशतसम्म निर्धारण गरिएको छ। तर गाउँपालिकामा कवाडी र जीवजन्तु निकासी कर कायम गरिएको छैन। हालसम्म यस शिर्षक अन्तर्गत कुनै राजस्व सङ्कलन भएको छैन।

**सम्भाव्यता:** गाउँपालिकाको जडिवुटी, कवाडी, जीवजन्तुहरुको विक्री वितरणको तथ्याङ्क उपलब्ध नभएपनि उत्पादन र विक्रीबाट कर बापत सङ्कलन हुन सक्ने सम्भावना रहेको छ । गाउँपालिकामा चौपाया, चखेरु जन्य पदार्थ एवम् अङ्ग र जडिवुटीको विक्रीबाट जडिवुटी, कवाडी र जीवजन्तुबाट कुल कर करीब रु २ लाख ५० हजार राजस्व सङ्कलन हुने देखिन्छ।

**सुधारका पक्षहरु:** गाउँपालिकाको जडिवुटी, कवाडी, जीवजन्तु कर सङ्कलन सुधार ल्याउनका लागि निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ।

- गाउँपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने जडीवुटी विक्री वितरणको परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने।
- कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, आदिको विक्री वापत कर निर्धारण गरि गाउँपालिकाको आयमा वृद्धि गर्न राजस्व सङ्कलन गर्ने।
- जडिवुटी, कवाडी, जीवजन्तु करसँग सम्वन्धित व्यवसायीहरुको दर्ता र अभिलेखीकरण गर्ने।
- गाउँपालिकामा हुने कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरि वार्षिक ठेक्का मार्फत कर सङ्कलन गर्ने।
- जडीबुटीको र जीवजन्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर सङ्कलन शुरुवात गर्ने।

### ३.३.२ गैर कर राजस्व

#### क. बहाल विटौरी शुल्क

**हालको अवस्था :** गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार, पसल लगायत सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरेबापत बहाल विटौरी शुल्क लगाउन पाउने व्यवस्था छ। गाउँपालिकाले आर्थिक ऐनमा आफ्नो क्षेत्रभित्र निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजारमा माछा, मासु विक्री, कपडा, जुत्ता तथा अन्य व्यवसाय, तरकारी तथा फलफुल, खाद्यान्न, परम्परागत शिपसँग सम्बन्धित क्षेत्रहरुमा प्रति दिन रु ५ देखि रु १०० सम्म दरले बहाल विटौरी शुल्क निर्धारण गरिएको छ। यस शिर्षक अन्तर्गत गत आ.व.मा रु १,०१,३०० सङ्कलन भएको छ।

**सम्भाव्यता:** यस गाउँपालिकाको क्षेत्रमा हाट बजारहरु पहिचान गरि सार्वजनिक स्थानमा टहरा निर्माण लगायतका आवश्यक पूर्वाधार निर्माण गरि व्यवस्थित गर्न सकिन्छ। हाट बजार व्यवस्थापनका अलावा सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउमा अस्थायी पसल राख्न दिए बापत बहाल विटौरी शुल्क सङ्कलन गर्न सकिने सम्भावना रहेको छ। बहाल विटौरी कर अन्तर्गत गाउँपालिकामा वार्षिक रु २ लाख ४० हजार राजस्व सङ्कलन गर्न सकिने अनुमान गरिएको छ।

**सुधारका पक्षहरु:**

- गाउँपालिका क्षेत्रभित्र लाग्ने दैनिक तथा साप्ताहिक हाट बजारहरु सार्वजनिक स्थानमा आवश्यक पूर्वाधार निर्माण सहित व्यवस्थित गरि हाट बजारमा विक्री हुने विभिन्न सामाग्रीहरुको कर उठाउन वार्षिक ठेक्का प्रदान गर्ने।

- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल विटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरि कार्यान्वयन गर्ने ।
- बहाल विटौरी शुल्कको दायराभित्र सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई उल्लेख गर्ने ।
- सङ्कलित विवरणका आधारमा वर्गीकरण गरि बहाल विटौरी शुल्क निर्धारण गरि सोही आधारमा सङ्कलन गर्ने ।

**ख. नक्सापास दस्तुर**

**हालको अवस्था:** गाउँपालिकाको आर्थिक ऐन, २०७८ अनुसार आवासीय भवनमा क, ख र ग वर्गमा क्रमश प्रति वर्ग फिट रु १०, रु ७ र रु ६ तथा घ वर्गको हकमा आवासीय बजार क्षेत्र र आवासीय ग्रामीण क्षेत्रमा प्रति वर्ग फिट रु ३, र रु २ शुल्क निर्धारण गरिएको छ । व्यापारिक तथा औद्योगिक भवनको हकमा क, ख, ग वर्गमा क्रमश प्रति वर्ग फिट रु १३, रु ९ र रु ८ कायम गरिएको छ भने घ वर्गमा बजार क्षेत्र र ग्रामीण क्षेत्रमा रु ४ र रु ३ निर्धारण गरिएको छ । त्यसै गरि संस्थागत भवनमा क, ख, ग वर्गमा क्रमश प्रति वर्ग फिट रु १३, रु ८ र रु ७ तथा घ वर्गमा बजार क्षेत्र र ग्रामीण क्षेत्रमा रु ८ र रु ६ कायम गरिएको छ । अभिलेखिकरणको लागि क वर्गका आवासीय, व्यापारिक तथा औद्योगिक र संस्थागत भवनका लागि प्रति वर्ग फिट क्रमश रु ८, रु ८ र रु ६, ख वर्गका आवासीय, व्यापारिक तथा औद्योगिक र संस्थागत भवनका लागि प्रति वर्ग फिट क्रमश रु ८, रु ८ र रु ७, ग वर्गका आवासीय, व्यापारिक तथा औद्योगिक र संस्थागत भवनका लागि प्रति वर्ग फिट क्रमश रु ६, रु ७ र रु ५ एवम् घ वर्गका आवासीय, व्यापारिक तथा औद्योगिक र संस्थागत भवनका लागि प्रति वर्ग फिट क्रमश रु ३, रु ४ र रु ५ निर्धारण गरिएको छ । साथै नक्शा पास निवेदन फाराम दस्तुर रु ५०० कायम गरिएको छ । गत आ.व.मा प्रशासनिक दण्ड जरिवाना र दस्तुर र नक्शा पास ठेक्का पट्टा बापत रु ११,३३५ सङ्कलन भएकोले नक्शा पासको यथार्थ सङ्कलन यकिन गर्न सहज नभएको र नक्शा पास निवेदन फाराम दस्तुबाट रु ४,००० रकम सङ्कलन भएको छ ।

**सम्भाव्यता:** यस गाउँपालिकाको मापदण्ड अनुसार सडकको समेत पहुँच हुँदै जाँदा यस क्षेत्रमा घरहरु निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिले बनेका घरहरुको अभिलेखिकरण तथा नयाँ बन्ने घरको नक्सापास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुने देखिन्छ । प्रत्येक वर्ष २५ वटा जति नयाँ घर निर्माण तथा अभिलेखिकरण हुने आङ्कलन गर्दा नक्सापास औसत प्रति घर १२०० वर्ग फिटका दरले नक्सापास प्रति वर्ग फिट रु ४ का दरले १,२०,००० तथा नक्शा पास निवेदन फाराम दस्तुबाट रु १२,५०० गरि कुल १,३२,५०० राजस्व सङ्कलन गर्न सकिने छ । लिखु गाउँपालिकामा नक्सापास कार्य खासै प्रभावकारी नदेखिएता पनि ऋण लिने कार्य लगायत बाध्यात्मक परिस्थितिमा मात्र नक्सापास गर्न आउने चलन रहेको छ । नक्सापास दस्तुरको दर निर्धारण गरिएता पनि यद्यपि नक्सापास व्यापक रुपले अघि बढेको देखिंदैन ।

**सुधारका पक्षहरु:** नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- मापदण्ड तथा कार्यविधिहरू अनुसार घरको नक्सापास प्रकृयालाई प्रभावकारी बनाउने ।
- घरको बनोट तथा किसिमका आधारमा दस्तुरको दर समयानुकुल परिमार्जन गर्ने ।
- घर अभिलेखीकरणका लागि सार्वजनिक सूचना जारी गरि बैङ्क तथा वित्तिय संस्थाहरुसँग समन्वय गर्ने ।

- गाउँपालिका हुनु भन्दा पहिले निर्माण भएका घरहरुको अभिलेखीकरण गरि नक्सापास गर्न अभिप्रेरित गर्ने ।

### ग. व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था :** गाउँपालिकाले एफ.एम. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधी पसल, प्लटिङ, ढुङ्गा, गिट्टी, वालुवा तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग आदि कार्य गर्नको अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्न सक्छन् । लिखु गाउँपालिकाले व्यवसायको प्रकृया हेरी विभिन्न क्याटागोरीहरुमा विभाजन गरि दर्ता तथा अनुमति दस्तुर निर्धारण गरिएको छ । जस अनुसार व्यवसाय दर्ता सिफारिस रु ५००, विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्धि सिफारिस रु १,०००, नविकरण सिफारिस रु १३०, संस्था दर्ता सिफारिस रु ५००, संस्था दर्ता दस्तुर रु १,०००, सहकारी संस्था दर्ता दस्तुर रु १,०००, रेडियो/एफ.एम. सञ्चालन दस्तुर रु १५,००० र नविकरण दस्तुर रु ५,००० कायम गरिएको छ ।

**सम्भाव्यता:** गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, 'घ' वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । लिखु गाउँपालिकामा वार्षिक २०० वटा फर्महरुबाट दर्ता, अनुमति र नविकरण हुन सक्ने अनुमान गर्दा औसत दस्तुर रु १,५०० अनुमान गर्दा वार्षिक रु ३,००,००० आय हुने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु:**

- दर्ता तथा अनुमतिका लागि निर्देशिका तयार गर्ने ।
- गाउँपालिका क्षेत्रमा सञ्चालन भइरहेका र नयाँ व्यवसाय शुरु गर्न चाहनेलाई अनिवार्य व्यवसाय दर्ता, इजाजत तथा नविकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- दर्ता तथा अनुमति दस्तुरको दर आवश्यकता अनुसार परिमार्जन गर्ने ।

### घ. मनोरञ्जन कर

**हालको अवस्था:** विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा मनोरञ्जन कर लगाउन र असुल गर्न सक्नेछ । सङ्घीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । यस गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन कर लगाई असूल उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका सञ्चित कोषमा राजस्व बाडँफाड गर्नुपर्ने उल्लेख गरिएको छ । आर्थिक ऐन अनुसार साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्कमा ५ प्रतिशत मनोरञ्जन कर निर्धारण गरिएको छ । त्यसै गरि ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थलमा पर्यटकहरुबाट प्रवेश शुल्कमा ५ प्रतिशत तथा जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत अनुमतिका लागि गरिने सिफारिस दस्तुका अतिरिक्त प्रत्येक दिन रु ३०० कर निर्धारण गरिएको छ ।

**सम्भाव्यता:** गाउँपालिकाले साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनीमा प्रवेश शुल्क ५ प्रतिशत, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थलमा पर्यटकहरुबाट प्रवेश शुल्क ५ प्रतिशत तथा जादु, सर्कस, चटक र मेला आयोजना स्थलमा मनोरञ्जन कर बापत प्रति दिन रु ३०० कर गरि मनोरञ्जन करबाट कुल कर करीब रु ७५,००० राजस्व सङ्कलन हुने देखिन्छ ।

**सुधारका पक्षहरु:**

- साँस्कृतिक प्रदर्शन हल, नाच घर, दोहोरी सङ्गीत तथा अन्य मनोरञ्जन सामाग्री प्रदर्शनी, ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवम् धार्मिक महत्वका स्थल प्रवेश शुल्क लिएका स्थलहरु सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने ।
- सम्भाव्य स्थानहरुमा शुल्क सङ्कलनको वातावरण तयार गर्ने ।
- सङ्कलित विवरण अनुसार मनोरञ्जन करको दर पूनरावलोकन गर्ने ।

### ङ. सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्था :** गाउँपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुर दर आर्थिक ऐन मार्फत निर्धारण गरि सङ्कलन गर्दै आएको छ । वडाबाट सङ्कलित सिफारिस तथा प्रमाणित दस्तुर वडाले गाउँपालिकाको आर्थिक प्रशासन शाखामा मासिक रुपमा जम्मा गर्ने गरिएको छ । आर्थिक ऐनले सिफारिस तथा प्रमाणितको दर न्यूनतम रु २० देखि १,५०० सम्म निर्धारण गरेको छ । उक्त ऐन अनुसार विपन्न/असहाय विद्यार्थी छात्रवृत्ति सिफारिश, अपाङ्गता भएको सिफारिश, सुकुम्वासी सिफारिस, निशुल्क स्वास्थ्य उपचारको सिफारिस, आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित, कोर्ट फि मिनाहा सिफारिसका लागि दस्तुर नि:शुल्क गरेको छ । गत आ.व.मा सिफारिस दस्तुरमा रु २,८५,०६६, व्यक्तिगत घटना दर्ता दस्तुरमा रु ३७,०१० र नाता प्रमाणित दस्तुरमा रु ३४,५८० सङ्कलन भएको छ ।

**सम्भाव्यता:** गाउँपालिकाको कार्यालय तथा ६ वटा वडा कार्यालयबाट वार्षिक करीब ५,००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औसत रु १०० भएमा वार्षिक सिफारिश तथा प्रमाणितबाट रु ५,००,००० सङ्कलन हुने सम्भावना रहेको देखिन्छ ।

**सुधारका पक्षहरु:**

- सिफारिश वा प्रमाणित गर्न पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने ।
- वडाबाट सङ्कलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार गर्ने ।
- विभिन्न किसिमका सिफारिस तथा दस्तुरको वर्गिकरण अनुसार दर पुनरावलोकन गरि आवश्कता अनुसार परिमार्जन गर्ने ।

### च. सामुदायिक वनको वन पैदावर विक्रीबाट प्राप्त हुने आय

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात सामुदायिक वन उपभोक्ता समितिले वन पैदावरको विक्री बापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । लिखु गाउँपालिकाको आर्थिक ऐनमा सामुदायिक वनको वन पैदावर विक्रीको लागि दर निर्धारण गर्न बाँकी छ ।

**सम्भाव्यता:** यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट विक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएता पनि यस क्षेत्रमा पाईने काठ र बोक्रा जाति, पात जाति, फूल भुवा जाति, फल र विज जाति, विरुवा जाति, लोहवन जाति, काठबाट बनेका सामाग्रीहरु, काठ तथा फर्निचरहरु, आदि बाट रु १,५०,००० सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु:**

- गाउँपालिकामा रहेका सामुदायिक वन तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- सामुदायिक वन पैदावर विक्री तथा उपभोग्य सम्बन्धीको वार्षिक कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

### छ. सेवा शुल्क

**हालको अवस्था :** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएका सेवामा सेवाग्राहीहरुबाट शुल्क लगाउन सक्ने व्यवस्था गरिएको छ । सरसफाई शुल्क, विद्युत जडान सिफारिस, धारा जडान सिफारिस, घर जग्गा नामसारी सिफारिस, मोही लगत कट्टा सिफारिस, सर्जमिन सिफारिस दस्तुर, नेपाल सरकारको नाममा बाटो कायम सिफारिस, जग्गा मुल्याङ्कन प्रमाणित, घर बाटो प्रमाणित, चार किल्ला प्रमाणित, आदिको शुल्क निर्धारण भएको छ ।

**सम्भाव्यता:** आगामी आर्थिक वर्षमा उपरोक्त शिर्षकबाट सहज ढङ्गले रकम प्राप्त गर्न सकिन्छ । हाटबजार, पार्किङ्ग, फोहोरमैला व्यवस्थापन, सडक वत्ती, शौचालय, पार्क, पर्यटकीय स्थल, बसपार्क, आदि लगायतबाट सेवा शुल्क उठाउन सक्ने छ । यस गाउँपालिकामा माथि उल्लेखित विभिन्न उपशिर्षकहरुको सेवा शुल्क बापत जम्मा रु २ लाख सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

### ज. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्था :** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरु शुल्क लगाउन सक्ने व्यवस्था छ । विद्यमान भौतिक स्रोतहरुको प्रयोगको दर रेट आर्थिक ऐनमा निर्धारण गरिएको छ । लिखु गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा ब्याक हो लोडर भाडामा प्रति घण्टा रु १,००० का दरले लिने र हेभी ईक्वीपमेन्टमा लाग्ने ईन्धन तथा सामान्य मर्मत बहालमा लिने व्यक्ति, समिति र संस्थाले व्यहोर्ने उल्लेख छ । यस शिर्षक अन्तर्गत गत आ.व.मा ब्याक हो लोडर भाडा बापत रु १,९३,७०० सङ्कलन भएको छ ।

**सम्भाव्यता:** गाउँपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा ब्याक हो लोडर भाडा, गाउँपालिका तथा वडा कार्यालयको हल भाडा, प्रोजेक्टर भाडा, राजपत्र, पुस्तक, नक्शा, टेण्डर फाराम, आदिको विक्रीबाट यस शिर्षक अन्तर्गत प्राप्त आय बापत आगामी आ.व.मा जम्मा रु १,५०,००० सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरि सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।

- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरि कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लेखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

### झ. विक्री बाट प्राप्त रकम (ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तु विक्री)

**हालको अवस्था :** लिखु गाउँपालिकाको सिमाना भएर बग्ने लिखु नदी र सहायक खोलाको किनार तथा बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन, सङ्कलन तथा निकासी भई गाउँपालिका क्षेत्रमा उपयोग भईरहेको छ । लिखु नदी, सिल्खु खोला, कुवापानी खोला, सत्लङ्ग खोला, जुके खोला, डुडे खोला र पोकली खोला क्षेत्रमा ढुङ्गा, गिट्टी, वालुवाको दिगो एवम् वातावरणमैत्री सङ्कलन गर्न स्वीकृति सहित विक्री कार्यको लागि हाल सालै मात्र प्रारम्भिक प्रतिवेदन तयार गरिएको हुनाले आर्थिक ऐनमा करको दर समावेश गरिएको छैन । यद्यपि यस शिर्षक अन्तर्गत गत आ.व.मा कुनै आय सङ्कलन गरिएको छैन ।

**सम्भाव्यता:** गाउँपालिका भएर बग्ने लिखु नदी, सिल्खु खोला, कुवापानी खोला, सत्लङ्ग खोला, जुके खोला, डुडे खोला र पोकली खोला क्षेत्रमा ढुङ्गा, गिट्टी र वालुवाको दिगो सङ्कलन/ उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरि सो प्रतिवेदन अनुसार सामान्य घरेलु औजार जस्तै कुटो, कोदालो, सावेल, आदिको प्रयोगबाट दैनिक १००-३०० घ.मि. गरि वार्षिक ३२,३७२ घ.मि. ढुङ्गा, गिट्टी र वालुवा उत्खनन् तथा सङ्कलन गर्न सकिने परिमाण प्रस्ताव गरिएको छ । वातावरण संरक्षण ऐन २०७६ तथा वातावरण संरक्षण नियमावली २०७७ को नियम र लिखु गाउँपालिकाको वातावरण तता प्राकृतिक श्रोत संरक्षण ऐन २०७७ एवम् संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरन परीक्षण कार्यविधि २०७७ अनुसार तयार गरिएको उक्त प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अनुसार गाउँपालिकाको वडा नं. १, २, ३, ४, ६, ८ र ९ का १९ विभिन्न स्थानबाट गरि कुल ३२,३७२ घ.मि. परिमाणको प्रति घ.मि. रु ३५० प्रति घ.मि.का दरले यस शिर्षक अन्तर्गत रु १,१३,३०,२००० राजस्व सङ्कलन गर्न सकिने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरु:**

- अध्ययन प्रतिवेदनले एकीन गरेको परिमाणमा ठेक्का लगाई अमानतबाट विक्री गर्नका लागि आवश्यक प्रक्रिया मिलाउने ।
- आर्थिक ऐन नियम विपरित कार्य गर्ने ठेकेदारहरुलाई कार्वाही गर्ने र दण्ड जरीवानाको प्रावधान समावेश गर्ने ।
- नदिजन्य पदार्थको उत्खनन निर्वाध रुपमा भइरहेकोले त्यसलाई गाउँपालिकाले रोक्नका लागि पहल गर्नुपर्ने ।
- नदिजन्य पदार्थको निकासी गर्न सडक निर्माणमा संलग्न भएका निकायहरुसँग समन्वय गरि सहजीकरण गर्ने ।

# परिच्छेद ४. आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरु तथा आय सङ्कलननको अवस्थालाई छोटकरिमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरु पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सकिने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनाको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको ५ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छ ।

*तालिका 3 : राजस्व परामर्श समिति पदाधिकारी तथा जिम्मेवारी*

| क्र.सं. | पद | जिम्मेवारी |
|---|---|---|
| १ | गाउँपालिक उपाध्यक्ष | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | महिला कार्यपालिका सदस्य | सदस्य |
| ४ | कार्यपालिका सदस्य | सदस्य |
| ५ | लेखापाल | सदस्य सचिब |

गाउँपालिकाको बढ्दो खर्च धान्नका लागि र स्थानीय तहको सामर्थ्य वृद्धि गर्नका लागि गाउँपालिकाको राजस्व वृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ । वर्तमान समयमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र गाउँपालिकाको आर्थिक ऐनद्वारा गाउँपालिकालाई उपलब्ध वित्तीय अधिकार तथा प्रचलित कानून अनुकुल आन्तरीक आय र राजस्व परिचालनमा सुधार ल्याउनको लागि तत्काल थप तथा योजनावद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । गाउँपालिकाले प्राप्त स्वायत्त अधिकारको प्रयोग र स्थानीय स्रोत साधनको परिचालन गर्न गाउँपालिकाको राजस्व प्रशासन क्षमता सुधार गर्नुपर्ने देखिएको छ । गाउँपालिकाले उपयुक्त मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युतरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका साथै करको दर तथा दायरा पहिचान एवम् विश्लेषण गरि उपयुक्त नीतिगत व्यवस्था समेत गर्नुपर्ने आवश्यकता देखिन्छ । नीतिगत सुधार, राजस्व शाखाको स्तरोन्नति, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना, उत्प्रेरणात्मक विधिहरुको अवलम्बन, नागरिक केन्द्रित राजस्व प्रशासन करदाता शिक्षा जस्ता पक्षहरुलाई सम्वोधन गर्ने गरि राजस्व क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रही आफ्नो कार्यक्षेत्रभित्र परिचालन गर्न सकिने राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनाको लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरु सम्पन्न गरि राजस्वका दरहरु तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरु गाउँ सभा समक्ष पेश गरि पुनसंरचित

गाउँपालिकाको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालु वर्ष २०७८/७९ को लागि आर्थिक ऐन पारित गरेको छ। राजस्व परामर्श समितिको बैठक बसी आन्तरीक आयको दर प्रस्ताब गरि गाउँसभाले आयका शिर्षकगत दायरा तथा उक्त दायराका दरहरु राखी गाउँसभा मार्फत आर्थिक ऐन सर्व सहमतिले पारित गरिएको छ । गाउँपालिकाले राजस्व तथा कर सङ्कलन कार्यलाई थप प्रभावकारी बनाउनका आगामी आ.व.बाट लागु हुने सबै किसिमको राजस्व तथा कर सङ्कलनको शुरुवात गर्ने नीति लिएको छ। चालु आ.व.मा आन्तरिक आयतर्फ जम्मा रु १,६५,००,००० सङ्कलन हुने अनुमान गरेको छ । लिखु गाउँपालिकामा कर सङ्कलन कार्य अपेक्षा अनुसार कर उठाउन नसकिरहेको अबस्था छ। यसका अतिरिक्त गाउँपालिकाले राजस्व परिचालन तथा सुधार सम्बन्धी नीति तर्जुमा गर्न आवश्यक देखिन्छ।

गाउँ सभाले निम्न नीति तथा कार्यक्रमहरु अवलम्बन गर्न आवश्यक देखिन्छ।

- आन्तरीक आय वृद्धि गर्ने सम्भावनाका सम्भाव्य सबै क्षेत्रहरुको अध्ययन, पहिचान गरि व्यवस्थित ढङ्गले करको दायरामा ल्याउने। यसका लागि आवश्यक संयन्त्र निर्माण गरि परिचालन गर्ने।
- गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई बढाउँदै सहभागितामूलक कर नीति अवलम्बन गर्ने।
- स्थानीय सरकार सञ्चालनको मूल आधार आन्तरिक आय भएकाले गाउँबासी, उद्योग वाणिज्य सङ्घ, टोलसुधार समितिहरु, स्थानीय शैक्षिक संस्थाहरुसँग सहकार्य गरि कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाउने।
- कर र राजस्व प्रशासनलाई चुस्त र दुरुस्त बनाउन सबै वडा कार्यलयको कम्प्युटरहरुमा सफ्टवेयर जडान र इ-कनेक्सनको माध्यमद्वारा गाउँपालिकामा जोड्ने।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपाटी विकास गर्ने।
- विगत देखिका अभिलेखहरुलाई कम्प्युरकृत गरि सुरक्षित राख्ने प्रयत्न गर्ने।
- लक्षित वर्गलाई व्यवसाय प्रति आकर्षित गर्न महिला र अपाङ्गता भएका ब्यक्तिहरुको नाममा दर्ता भएका व्यवसायहरुलाई तोकिएको व्यवसाय करमा १० प्रतिशत छुट दिने।
- घरवहाल कर निर्धारण प्रयोजनार्थ निश्चित मापदण्ड वनाई घर वहाल दर निर्धारण गर्ने। असोज मसान्त सम्म एकमुष्ट वार्षिक वहाल कर वुझाउन आउने घरधनी/व्यवसायीलाई वार्षिक वहाल करको १० प्रतिशत छुट दिने।
- करदाता शिक्षा प्रभावकारी बनाउने।
- करका दर र दायरा वैज्ञानिक आधारमा विश्लेषण गरि विस्तार गर्ने।
- राजस्व प्रशासन सूचना प्रविधिमा आधारित बनाई सुदृढिकरण गर्ने।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गर्ने।
- व्यवसाय कर, घरभाडा कर र जग्गा भाडा कर लगायतका सम्पूर्ण आन्तरीक आयका स्रोतहरु सङ्कलनका लागि तयार पारिएको कर नीतिलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने।
- आन्तरिक आयको दिगो अभिवृद्धिका लागि गाउँपालिकाको स्वामित्वमा रहेका सम्पत्ति बहालमा दिने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्ने।
- बढी कर तिर्ने व्यक्ति/संस्थालाई कार्यविधि बनाई पुरस्कृत गर्ने।

- शिर्षकगत राजस्व सङ्कलनलाई व्यवस्थित गर्ने ।
- सबै प्रकारका व्यवसायलाई करको दायरामा ल्याउने ।
- प्राकृतिक तथा नदीजन्य श्रोतको उपयोगलाई करको क्षेत्रभित्र ल्याउने ।
- भवन तथा नक्शा पासलाई अनिवार्य गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन समयावद्ध तथा वैज्ञानिक बनाउने ।
- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा भवन निर्माण संहिता २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गर्ने तथा गाउँपालिका घोषणा हुनुअघि बनेका घरहरुलाई समेत निर्धारित मापदण्डमा नक्सापास र नियमित गर्ने अभियानलाई निश्चित समयसीमा तोकी कार्यान्वयन गर्ने ।
- गाउँपालिकाभित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरि विषयगत कार्यप्रति उत्तरदायी बनाउने ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

जग्गा संरचनामा गाउँपालिकाले राजस्व सङ्कलनको लागि आर्थिक प्रशासन उपशाखा अन्तर्गत राजस्व तथा आर्थिक प्रशासन इकाई गठन गरिएको छ । राजस्व सङ्कलनका लागि लेखापाल, आलेप, प्रशासन सहायक चौथो र कार्यलय सहयोगी गरि चार जना कर्मचारीहरु राजस्व तथा आर्थिक प्रशासनमा कार्यरत छन् । गाउँपालिकाका खरिद गरिएको सफ्टवेयरमार्फत वडा कार्यालयहरु र गाउँपालिकामा राजस्वको सङ्कलन तथा अभिलेखीकरण गर्रिंदै आएको छ ।






*फोटो १: आर्थिक प्रशासन उपशाखा अन्त्रगत राजस्व तथा आर्थिक प्रशासन ईकाई*

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व सङ्कलनको अवस्था देहाय अनुसार रहेको छ ।

- गाउँपालिकाका लेखापाल, आलेप र प्रशासन सहायकलाई राजस्व सम्वन्धी जिम्मेवारी दिइएको ।
- राजस्व प्रशासनको लागि सफ्टवेयर खरिद भएको र सोही सफ्टवेयर प्रयोग गरि राजस्व सङ्कलन कार्य भइरहेको ।
- वडा कार्यालयहरूबाट मूलतः भूमि कर (मालपोत), सम्पत्ति कर, पञ्जीकरण, सिफारिस दस्तुरहरु र व्यवसाय कर, खानी रोयल्टी, सवारी कर, आदि सङ्कलन गर्ने गरिएको ।

- गाउँपालिका कार्यलयबाट घर बहाल कर, बहाल विटौरी कर, व्यवसाय रजिष्ट्रेशन कर, सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय, घर जग्गा रजिष्ट्रेशन शुल्क, सरकारी सम्पत्तिको विक्री, न्यायिक दस्तुर, परिक्षा शुल्क, खानी रोयल्टी, अन्य प्रशासनिक सेवा शुल्कहरु, सिफारिस दस्तुर, नक्शा पास, टेण्डर विक्री जस्ता राजस्व सङ्कलन हुने गरेको छ ।
- वडा कार्यालयहरूले महिनाभर सङ्कलन भएको रकम एकमुष्ठ बैङ्क दाखिला गरि मासिक रुपमा जम्मा गर्ने गरिएको ।
- राजस्व सङ्कलनको जिम्मेवारी पाएका कर्मचारीहरुका लागि थप तालिम तथा अभिमुखीकरण गर्न सकिने ।
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारीताका लागि अनुगमन तथा मुल्याङ्कन नभएको ।
- राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटरबाट विल प्रिन्ट गरि प्रयोग भइरहेको ।
- राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा भएको ।
- आर्थिक ऐन र यथार्थ सङ्कलन बीचको तालमेल केही सुधार गर्न सकिने ।

## ४.३ आन्तरिक आय परिचालन

यस गाउँपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा क्रमागत रुपमा केही बढ्दो छ । आन्तरिक आयतर्फ सम्पत्ति कर, मालपोत (भूमि कर), खानी रोयल्टी, व्यवसाय रजिष्ट्रेशन/कर दस्तुर, घर बहाल कर, बहाल विटौरी कर, घर जग्गा रजिष्ट्रेशन, सिफारिश दस्तुर, तथा अन्य प्रशासनिक सेवा सुल्क यहाँका मुख्य स्रोतका रुपमा रहेको छ । हालै मात्र लिखु नदी तथा सहायक खोलाहरुका किनाराबाट १९ स्थानबाट घरेलु औजार जस्तै कुटो, कोदालो, सावेल, आदिको प्रयोगबाट ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन, सङ्कलन तथा निकासी कार्य गर्न प्रारम्भिक वातावरण प्रतिवेदन तयार गरिएको हुनाले टेण्डर गरि नदीजन्य पदार्थ निकासी तथा विक्री शुल्कबाट राजस्व सङ्कलन हुन सक्ने देखिन्छ । तसर्थ गाउँपालिकाको लागि आगामी दिनमा समेत आन्तरिक आयतर्फ सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, घर बहाल कर, खानी रोयल्टी, ढुङ्गा, गिट्टी, वालुवा विक्री कर, सिफारिस र दस्तुर नै मुख्य तथा दिगो क्षेत्र हुन् । गाउँपालिकाकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले विगत आ.व. २०७६/७७ र २०७७/७८ मा सङ्कलन गरेको यथार्थ आय तथा चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय तालिकामा प्रस्तुत गरिएको छ:

*तालिका 4 : गाउँपालिकाको आय सङ्कलनको अवस्था (रु हजारमा)*

| सि.नं. | आयको शिर्षक | २०७६/७७ को यथार्थ आय | २०७७/७८ को यथार्थ आय | २०७८/७९ को प्रस्तावित आय |
|---|---|---|---|---|
| **१** | **आन्तरिक राजस्व** | **१८८२.८७१** | **३९६७.५४२** | **१६५०४.२०९** |
| **१.१** | **स्थानीय कर** | **६९७.३४७** | **१३५१.१३४** | |
| १.१.१ | सम्पत्ति कर | ३६०.५०५ | ५२५.८२८ | ६६०.००० |
| १.१.२ | भूमि (मालपोत) कर | १२५.८८६ | २४५.९०३ | ३१०.००० |
| १.१.३ | घर बहाल कर | १४४.९९५ | १३८.४७८ | १२०.००० |
| १.१.४ | बहाल विटौरी कर | १२.००० | १०१.३०० | ६०.००० |
| १.१.५ | विज्ञापन कर | | | १०.००० |
| १.१.६ | मनोरञ्जन कर | | | १०.००० |

| | | | | |
|---|---|---|---|---|
| १.१.७ | व्यवसाय कर | ५३.९६१ | ३३९.६२५ | ४५०.००० |
| **१.२** | **गैर कर राजस्व** | **११८५.५२४** | **२६१६.४०८** | **४०४०.०००** |
| १.२.१ | रेडियो सञ्चालन दस्तुर | १२.६०० | | १५.००० |
| १.२.२ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | ६.८०० | १०.००० |
| १.२.३ | खानी रोयल्टी | | ११८०.००० | १०००.००० |
| १.२.४ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | १९३.७०० | १२७०.००० |
| १.२.५ | पर्यटन सेवा शुल्क | | | १०.००० |
| १.२.६ | घर जग्गा रजिष्ट्रेशन | | २५२.९६६ | ३००.००० |
| १.२.७ | सरकारी सम्मत्तिको विक्रीबाट प्राप्त रकम | | १६५.००० | ७०.००० |
| १.२.८ | अन्य विक्रीबाट प्राप्त रकम | ८१.००० | | १०.००० |
| १.२.९ | न्यायिक दस्तुर | ३.००० | ३.६८० | ५.००० |
| १.२.१० | परिक्षा शुल्क | ४९.३०० | ४७.१०० | ४०.००० |
| १.२.११ | अन्य प्रशासनिक सेवा शुल्क | ४३.७७४ | १३१.२०४ | १५०.००० |
| १.२.१२ | पार्किङ्ग शुल्क | | | १०.००० |
| १.२.१३ | सिफारिस दस्तुर | ४४५.८६४ | २८५.०६६ | ४००.००० |
| १.२.१४ | नाता प्रमाणित दस्तुर | ३३.६०० | ३४.५८० | ५०.००० |
| १.२.१५ | अन्य दस्तुर | ७७.३२५ | ६९.९१२ | ९०.००० |
| १.२.१६ | प्रशासनिक दण्ड जरिवाना र दस्तुर र नक्सा पास ठेक्का पट्टा | ३८.५६१ | ११.३५५ | १०.००० |
| १.२.१७ | व्यवसाय दर्ता शुल्क | २७६.४०० | | |
| १.२.१८ | व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | १०२.२०० | ३७.०१० | ४००.००० |
| १.२.१९ | बेरुजु | २१.९०० | १९८.०३५ | २००.००० |
| **२** | **राजस्व वाँडफाँट** | **३६३५२.५६६** | **४७४६३.८६९** | **५९२८७.** |
| २.१ | बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ३३८२५.८०७ | ४५२६७.४२५ | ५६९१८.००० |
| २.२ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २५२६.७५९ | २१९६.४४४ | २३६९.००० |
| २.३ | बाँडफाँटबाट प्राप्त हुने रोयल्टी | | | |
| | **जम्मा (क)** | **३६३५२.५६६** | **४७४६३.८६९** | **५९२८७.०००** |
| **३** | **बाह्य अनुदान** | | | |
| **३.१** | **नेपाल सरकारबाट प्राप्त अनुदान** | **२३३१८२.७८९** | **२८९३३९.००६** | **३०९११०.०००** |
| ३.१.१ | वित्तीय समानिकरण अनुदान | ७२०००.००० | ७४८००.००० | ७९०००.००० |
| ३.१.२ | शशर्त अनुदान चालु | १६११८२.७८९ | २०७९०९.०८० | १५६६१०.००० |
| ३.१.३ | शशर्त अनुदान जि.पि.ई. सोधभर्ना हुने अनुदान | | | ५१००.००० |
| ३.१.४ | शशर्त अनुदान आई.डि.ए. सोधभर्ना हुने ऋण | | | ५६००.००० |
| ३.१.५ | शशर्त अनुदान एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | | | २१००.००० |
| ३.१.६ | शशर्त अनुदान युरोपियन युनियन नगद अनुदान | | | ८००.००० |

| | | | | |
|---|---|---|---|---|
| ३.१.७ | शशर्त अनुदान पुँजिगत नगद अनुदान | | | १५२००.००० |
| ३.१.८ | शशर्त अनुदान पुँजिगत आन्तरिक ऋण | | | १०२००.००० |
| ३.१.९ | शशर्त अनुदान एस.एस.डि.पि. सोधभर्ना हुने अनुदान | | | ७००.००० |
| ३.१.१० | शशर्त अनुदान एस.डि.सि नगद अनुदान | | | ७४००.००० |
| ३.१.११ | समपुरक अनुदान | | | १३९००.००० |
| ३.१.१२ | विशेष अनुदान | | | १२५००.००० |
| ३.१.१३ | शशर्त अनुदान एस डि सि - साना सिंचाई | | ६६२९.९२६ | |
| **३.२** | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **३३५९६.४५४** | **१९५८९.०००** | **२३३२८.०००** |
| ३.२.१ | वित्तीय समानिकरण अनुदान | ८३६०.४५४ | ६९९३.००० | ४३०८.००० |
| ३.२.२ | शशर्त अनुदान चालु | ११४७५.००० | २५९६.००० | ५६२०.००० |
| ३.२.३ | शशर्त अनुदान पुँजिगत | | | ३४००.००० |
| ३.२.४ | समपुरक अनुदान | १००००.००० | १००००.००० | १००००.००० |
| ३.२.५ | विशेष अनुदान | २४४१.००० | | |
| ३.२.६ | प्रदेश स्वास्थ्य कार्यालयबाट प्राप्त शशर्त अनुदान | ८२०.००० | | |
| ३.२.७ | कोरोना रोग रोकथाम तथा उपचार कोष | ५००.००० | | |
| **३.३** | **धरौटी आय** | **१२०१.९५३** | **२६३७.१८२** | **१०८४४.२९०** |
| ३.३.१ | गत वर्षको नगद मौज्दात | १३०.०४५ | ७७५.४०८ | १०८४४.२९० |
| ३.३.२ | यस वर्षको आय | १०७१.९०८ | १८६१.७७४ | |
| **३.४** | **विविध सहयोग, कार्यक्रम** | **७३०२७.६८४** | **६९०८८.९७९** | **६१५१६.०००** |
| ३.४.१ | सामाजिक सुरक्षा | ५५१९०.००० | ५९०१६.००० | ५९०१६.००० |
| ३.४.२ | स्थानीय सरकार सहयोग कार्यक्रम | | | |
| ३.४.३ | स्थानीय विकास साझेदारी कार्यक्रम | १००००.००० | २९९७.००० | |
| ३.४.४ | पर्यटन पूर्वाधार विकास आयोजना | ५०००.००० | | |
| ३.४.५ | राष्ट्रिय पञ्जिकरण विभाग | ९३०.०९६ | | |
| ३.४.६ | एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | | १३६८.६४८ | |
| ३.४.७ | प्रकोप व्यवस्थापन कोष | १६२६.९०० | ४१९१.४०० | |
| ३.४.८ | जिल्ला समन्वय समिति | | | २५००.००० |
| ३.४.९ | अन्य आय | २८०.६८८ | १५१५.९३१ | |
| | **जम्मा (ख)** | **३४१००८.८८०** | **३८०६५४.१६७** | **४०४७९८.२९०** |
| | **कुल जम्मा (क र ख)** | **३७७३६१.४४६** | **४२८११८.०३६** | **४६४०८५.२९०** |

यस गाउँपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा करिव १ प्रतिशत भन्दा कम रहेकोमा चालु आ.व. २०७८/७९ मा केही वृद्धि हुने अनुमान गरिएको छ । यद्यपि आन्तरिक स्रोतमा बैङ्क मौज्दात लगायत धरौती रकम समेत एकमुष्ठ रकम राखिएको हुनसक्छ जसको कारण आन्तरिक आयको हिस्सा केही बढ्न गएको हुन सक्छ । गाउँपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान बापतको रकम रहेको देखिन्छ । गाउँपालिकाको समग्र आयको सारांश देहाय बमोजिम रहेको छ:

*तालिका 5 : गाउँपालिकाको कुल आयमा योगदान (रु हजारमा)*

| आय शिर्षक | २०७७/७८ को यथार्थ आय | | २०७८/७९ को अनुमानित आय | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| आन्तरीक आय | ३९६७.५४ | ०.८३ | ५६६०. | १.०७ |
| राजस्व बाँडफाँटबाट प्राप्त आय | ४७४६३.८७ | ९.९ | ५९२८७ | ११.२१ |
| बाह्य अनुदान | ४२८११८.०४ | ८९.२८ | ४६४०८५ | ८७.७२ |
| **कूल जम्मा** | **४७९५४९.४५** | **१००.००** | **५२९०३२.२९** | **१००.००** |

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको स्थानीय आन्तरीक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरीक आय परिचालनमा देखिएका सवालहरुलाई सम्वोधन गर्न निम्न कार्यहरु गर्न आवश्यक देखिन्छ ।

### ४.४.१ राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरु वृद्धि गर्न गाउँपालिकामा राजस्व तथा आर्थिक प्रशासन इकाईका कर्मचारीको क्षमता अभिवृद्धि गर्नु पहिलो कार्यको रुपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरुबाट समेत तोकिएका शिर्षकहरुमा आय सङ्कलन गर्न क्षमता विकास गरि आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ४.४.२ आर्थिक ऐनमा सुधार

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरि स्वीकृत गरेको छ तर सो ऐनलाई अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ वमोजिम सुधार गरि व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । गाउँपालिकाको आर्थिक ऐन, २०७८ मा निर्धारण गरिएको कर तथा गैर करहरुको दर वैज्ञानिक तवरले निर्धारण गर्नुका साथै खानी रोयल्टी लगायत हाल सङ्कलन भईरहेको राजस्वका शिर्षक छुटेको देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सबै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोही अनुसार परिमार्जन गर्नुपर्नेछ । गाउँपालिकाको धेरै क्षेत्रहरु ग्रामिण भेगमा पर्दछन् । त्यसैले गाँउ, बजार तथा रणनीतिक सडक आसपासको क्षेत्रमा जमीनको मूल्य र उपयोगितामा व्यापक अन्तर हुने भएकोले जमीनको उत्पादन, उपयोगिता र सडक पहुँचको आधारमा कर लिने प्रणालीको विकास हुन सकेमा कर पनि बढी सङ्कलन हुने र बढी वैज्ञानिक समेत हुने देखिन्छ । ढुङ्गा, गिट्टी, वालुवा, आदिको उत्खनन, सङ्कलन तथा विक्रीको लागि प्रारम्भिक प्रतिवेदन तयार भईसकेको हुनाले सो को कर र साथै नयाँ सम्भावना भएका करका किसिमहरुको पहिचान तथा उपयुक्त करको निर्धारण गरि आर्थिक ऐनमा समावेश गरिनुपर्ने देखिन्छ ।

### ४.४.३ आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरुबाट आय सङ्कलन गर्न स्पष्ट कार्यविधि तयार गरि वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### ४.४.४ राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि दर निर्धारण गरिएको भएतापनि त्यसको प्रचार प्रसारको कमी रहेको देखिन्छ । त्यसैगरी करदातालाई आफूले तिर्नुपर्ने कर रकम र शिर्षक सम्वन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम तथा जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने हुन्छ । साथै करदाताहरुले समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

### ४.४.५ तथ्याङ्कमा आधारित अभिलेख

गाउँपालिकालमा आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### ४.४.६ समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय तथा प्रभावकारी बनाउनु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरि वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ । राजस्व प्रशासनलाई प्रभावकारी बनाउन जनप्रतिनिधीहरुले नियमित अनुगमन र छलफल गर्नुपर्दछ । साथै स्थानीय करदाता केन्द्रित समुदायहरुसँग छलफल गरि नयाँ करका शिर्षकहरु कार्यान्वियनमा ल्याउनु पर्दछ ।

### ४.४.७ चुहावत नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको सङ्कलन अवस्थाको अनुगमन गरि राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर सम्वाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र करबाट प्राप्त आयलाई के के शिर्षकमा खर्च गरियो भन्ने विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् ।

# परिच्छेद ५. राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलित सूचना विश्लेषण तथा अन्तर्क्रियाबाट तयार गरिएको लिखु गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ ।

## ५.१ राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको लागि लिने रणनीति, कार्यनीति र कार्ययोजनाहरु देहाय बमोजिम रहेका छन् ।

### ५.१.१ रणनीति तथा कार्यनीति

साविकका ६ वटा गाउँ विकास समितिहरु मिलाएर गठन गरिएको यस गाउँपालिकामा विद्यमान कानून प्रदत्त केही राजस्व अधिकारहरु हालसम्म प्रयोगमा ल्याउन सकिएको देखिंदैन । अर्कोतर्फ गाउँपालिकाले तर्जुमा गरि जारी गरेका कानूनहरु समेतमा सामन्य सुधार तथा परिमार्जनको गुन्जायस रहेको देखिएकोले गाउँपालिकाले यसतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ । यी तथ्यहरुलाई समेत दृष्टिगत गरि आन्तरीक राजस्व परिचालन सम्बन्धमा देहाय अनुसार रणनीतिहरु अवलम्वन गर्नुपर्ने देखिन्छ ।

- राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरि आवश्यक परे करको दर घटाई आन्तरीक आयको दायरा फराकिलो बनाउने ।
- राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरि व्यवस्थित बनाउने ।
- राजस्व प्रणालीलाई सरल, सहज, करदातामैत्री, पारदर्शी र समावेशी बनाउने ।
- समन्वय र सहकार्यको अभिवृद्धि गरिने ।

*तालिका 6 : राजस्व सुधार कार्ययोजनाको रणनीति तथा कार्यनीति*

| रणनीति | कार्यनीति |
|---|---|
| राजस्व सम्बन्धी कानूनी व्यवस्थामा सुधार गरि आन्तरीक आयको दायरा फराकिलो बनाउने । | ▪ गाउँपालिकामा राजस्वसँग सम्बन्धित आवश्यक ऐन तथा नियमहरु तर्जुमाका साथै तर्जुमा भईसकेका ऐन नियमलाई सुधार गरि अझ बढी व्यवहारिक तथा वैज्ञानिक बनाउँदै लगिने छ ।<br>▪ कर तथा सेवा शुल्कलाई सम्बन्धित करदाता एवम् विषय क्षेत्रसँग आवद्ध गराउँदै लगानी गरिनेछ ।<br>▪ कर, शुल्क, सेवा शुल्क आदिको दर तथा दायरा निर्धारण गर्दा निजी क्षेत्र तथा सरोकारवालाहरुसँग परामर्श गर्ने पद्धतिको संस्थागत विकास गरिने छ ।<br>▪ करको भार बहन क्षमता समेतका आधारमा कर नीतिलाई विवेकसम्मत र प्रगतिशिल बनाइने छ ।<br>▪ राजस्व स्रोतका दायराको यकिन तथ्याङ्क सङ्कलन गरि सम्भाव्यताका आधारमा समय सापेक्ष रुपमा करदाताहरुको सङ्ख्या बढाउँदै लगिने छ ।<br>▪ राजस्वको स्रोत वृद्धि गर्ने पूँजी लगानीको सम्भाव्यता अध्ययन गरिने छ ।<br>▪ सम्पत्ति मूल्याङ्कन सम्बन्धी सिफारिसलाई निश्चित आधार र मापदण्डमा आवद्ध गरि एकरुपता कायम गरिने छ ।<br>▪ आन्तरीक राजस्वका विभिन्न स्रोतहरुबारे सम्भावना अध्ययन, पहिचान, |

| | |
|---|---|
| | स्रोतहरुको यकिन तथ्याङ्क, सूचना सङ्कलन गर्न कार्यदलहरु बनाई वडागत रुपमा परिचालन गरिने छ । करका स्रोत अनुसारका तथ्याङ्क हरेक वर्ष आवधिक गरिने छ ।<br>▪ गाउँपालिकामा पर्यटन प्रवर्द्धन गर्न पूर्वाधारहरुको विकास गर्नुका साथै पर्यटन विकासमा यस गाउँपालिकामा रहेका ऐतिहासिक धरोहर तथा वस्तीको संरक्षण तथा विकास गर्न निजी क्षेत्रसँग साझेदारीको पहल गरिने छ ।<br>▪ पूर्वाधार उपयोग दस्तुर, घर बहाल कर, व्यवसाय कर जस्ता स्रोत परिचालन गर्न दर निर्धारण गर्दा समेत छिमेकी पालिका र अन्य करदातासँग छलफल तथा परामर्श गरिने छ ।<br>▪ नियमित एवम् बढी कर तिर्ने करदातालाई सम्मान गरिने छ ।<br>▪ समयमा कर तिर्ने करदातालाई प्रोत्साहन तथा बक्यौता राख्ने करदातालाई जरिवाना लगाइने छ । |
| राजस्व प्रशासनको संस्थागत सुदृढीकरण गरि व्यवस्थित बनाउने । | ▪ गाउँपालिकाको समग्र राजस्व परिचालन सम्बन्धी नीतिहरुलाई कार्यान्वयन गर्न राजस्व शाखाको सुदृढीकरण गरि क्षमतावृद्धि गरिने छ ।<br>▪ गाउँपालिकाको राजस्व शाखामा स्वीकृत संगठन संरचना अनुसारको दरबन्दी पूर्ति गरिने छ ।<br>▪ राजस्व परामर्श समिति, राजस्व शाखा र वडा कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गरिने छ ।<br>▪ राजस्व शाखाका लागि खरिद गरिएको आवश्यक उपकरण सफ्टवेयर क्रमश वडा कार्यालयहरुसँग सूचना सञ्जालमा जोड्दै लगिने छ । स्थानीय करबारे सर्वसाधारणलाई जानकारी गराउने करदाता शिक्षा तथा सचेतना कार्यक्रम समुदाय/टोल एवम् वडास्तरमा सञ्चालन गरिने छ ।<br>▪ प्रादेशिक तथा जिल्लाका स्थानीय तह स्तरमा राजस्व परिचालन बारे ज्ञान सीप, अनुभव आदान-प्रदान गरिने छ ।<br>▪ राजस्व सम्बन्धी आन्तरीक नियन्त्रणको व्यवस्थाको लागि राजस्व रसिद नियन्त्रण खाता राखिने छ र प्रत्येक वडाबाट मासिक रुपमा स्रोत खुल्ने गरि राजस्वको प्रतिवेदन लिने प्रणाली अवलम्वन गरिने छ । |
| राजस्व प्रणालीलाई सरल, सहज करदातामैत्री, पारदर्शी र समावेशी बनाउने । | ▪ कर सङ्कलनमा यथासम्भव निजी क्षेत्र, उपभोक्ता समिति एवम् सहकारी संस्थासँग सहकार्य गरिने छ ।<br>▪ कर प्रशासनलाई पारदर्शी गराउन कर सम्बन्धी सूचनाहरुमा नागरिकहरुको पहुँच पुर्‍याईने छ । कर/राजस्व सूचना जानकारी अर्धवार्षिक एवम् वार्षिक प्रतिवेदन गाउँपालिकाको वेभसाईटमा राखिने छ । साथै यस्तो सूचनाहरु गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने व्यवस्था मिलाईने छ ।<br>▪ करदाता शिक्षा, कर सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिने ।<br>▪ महिला, अपाङ्गता भएका व्यक्ति तथा गरिब तथा कमजोर आर्थिक अवस्थाका स्थानीय व्यवसायी तथा घरमूलीहरुलाई करमा विशेष छुटको व्यवस्था मिलाईने छ । |
| समन्वय र सहकार्यको अभिवृद्धि गरिने छ । | ▪ पर्यटन शुल्क तथा प्राकृतिक स्रोतमा आधारित करका सम्बन्धमा छिमेकी पालिकाहरुसँग समेत समन्वय तथा सहकार्य गरिने छ ।<br>▪ बाझिएका नीतिगत व्यवस्था संशोधनका लागि आवश्यक समन्वय गरिने छ । |

| | |
|---|---|
| | ▪ राजस्वसँग सम्बन्धित विषय प्रदेश सरकार तथा जिल्ला सम्न्वय समितिसँग नियमित अन्तर्क्रिया गरिने छ । यसैगरी जिल्लाका अन्य छिमेकी स्थानीय तहहरुसँग समन्वय बैठक आयोजना गरि राजस्व सङ्कलनका सवालहरुबारे छलफल गरि समाधान गरिने छ ।<br>▪ राजस्व प्रशासनलाई प्रभावकारी बनाउन प्रदेश सरकार तथा जिल्ला समन्वय समितिसँगको सहकार्य तथा समन्वयमा जोड दिइने छ । |

## ५.१.२ राजस्व सुधार कार्ययोजना

गाउँपालिकाको सूचना तथा तथ्याङ्क अध्ययन र गाउँस्तरीय अन्तरक्रियाका आधारमा तयार गरिएको लिखु गाउँपालिकाको राजस्व सुधार योजना देहाय बमोजिम रहेको छ ।

*तालिका 7 : राजस्व सुधार कार्ययोजना*

| सुधारका क्षेत्रहरु | सुधार गर्नुपर्ने क्रियाकलापहरु | समयावधी | जिम्मेवारी |
|---|---|---|---|
| **क. कर तथा गैर कर राजस्व** | | | |
| सम्पत्ति कर | ▪ सम्पत्ति कर कार्यान्वयन गर्न कार्यविधि तयार गर्ने ।<br>▪ मूल्याङ्कन समिति गठन गरि घरजग्गा मूल्याङ्कनको तौरतरिका र दर निर्धारण गर्ने ।<br>▪ करदाताको सम्पत्ति मूल्याङ्कनमा चित्त नबुझ्ने करदाताको उजुरी दिने र यसको छिनोफानो गर्न गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा उजुरी सुनुवाई समिति गठन गर्ने । | २०७९ असार मसान्तसम्म | राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| | ▪ मूल्याङ्कन अनुसारको करदाताको लगत तयार गरि कम्प्यूटर सफ्टवेयरमा सबै घरजग्गा धनीहरुको लगत तयार गर्ने । | २०७९ कार्त्तिक मसान्तसम्म | राजस्व शाखा |
| | ▪ लगत अनुसार प्रत्येक घरधनीहरुलाई सम्पत्ति करको विल छपाई गरि वडामार्फत घर घरमा पठाउने । | २०७९ फाल्गुण मसान्तसम्म | राजस्व शाखा |
| पूर्वाधार उपयोग शुल्क | ▪ पूर्वाधार उपयोग (सवारी वार्षिक/पटके) महशुल दर निर्धारण गर्ने र उपयुक्त तवरले शुल्क उठाउने ।<br>▪ साझा सडकमा शुल्क लगाउन छिमेकी स्थानीय तहसँग समन्वय गर्ने । | २०७... असार मसान्तसम्म | गाउँसभा<br>गाउँपालिका |
| | ▪ खानेपानी महशुल दर निर्धारण गर्ने ।<br>▪ सिंचाई महशुल दर निर्धारण गर्ने ।<br>▪ महशुल सङ्कलन गर्ने । | २०७... असार मसान्तसम्म | गाउँसभा |
| घर जग्गा वहाल कर | ▪ वडागत रुपमा घर बहालमा लगाउने घरधनीहरुको विवरण सङ्कलन गर्ने ।<br>▪ घरधनीहरुसँग अन्तरक्रिया गर्ने ।<br>▪ घरजग्गा बहाल कर समकलन आरम्भ गर्ने । | २०७९ चैत्र मसान्तसम्म | राजस्व परामर्श समिति<br>राजस्व शाखा |
| बहाल विटौरी शुल्क | ▪ सार्वजनिक जग्गाहरुमा उपयोग बारेको विविरण तयार गर्ने । | २०७९ असार मसान्तसम्म | कार्यपालिका<br>राजस्व परामर्श |

| | | | |
|---|---|---|---|
| | ▪ सार्वजनिक जग्गाहरुको पहिचान गरि नापनक्सा अध्यावधिक गर्ने । <br> ▪ बहाल विटौरी करको दर निर्धारण गर्ने । | | समिति |
| | ▪ सार्वजनिक जग्गाहरुमा बसपार्क, कृषि हाटबजार, शौचालय निर्माण गरि बहालमा लगाउने । | आ.व. २०७९/ ८० देखि | गाउँ कार्यपालिका |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ▪ महिला पुरुष स्वामित्व छुट्टिने गरि घरजग्गाको अभिलेख राख्ने । <br> ▪ प्रदेश सरकारबाट महशुल दर निर्धारण भए बमोजिम घर जग्गा रजिष्ट्रेशन दस्तुर उठाउने/ मालपोत कार्यालयबाट प्राप्त गर्ने । | २०७... श्रावण देखि | गाउँ कार्यपालिका |
| प्राकृतिक स्रोत विक्री | ▪ जडिवुटीको पहिचान तथा उपदेयताबारे पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने । <br> ▪ प्राकृतिक स्रोतहरुको विक्री मूल्य निर्धारण गर्ने, सङ्कलन गर्ने । | २०७९ | गाउँपालिका र सम्बन्धित शाखा |
| | ▪ ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्/सङ्कलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्ने । | २०७९ | गाउँपालिका, वडा कार्यालय, प्राविध्धिक शाखा |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ▪ वडागत रुपमा दर्ता गर्नुपर्ने सङ्घसंस्थाहरुको विवरण सङ्कलन गर्ने । <br> ▪ वर्गिकरण अनुसार व्यवसाय दर्ता तथा नविकरण दस्तुर सङ्कलन गर्ने । | तत्कालै | गाउपालिका, वडा कार्यालय, राजस्व शाखा |
| अचल सम्पत्ति मूल्याङ्कन शुल्क | ▪ घरजग्गा मूल्याङ्कन र अचल सम्पत्ति मूल्याङ्कन अभिलेखलाई एकरुपता कायम गर्ने । | तत्कालै | वडा कार्यालय |
| पर्यटन सेवा शुल्क | ▪ धार्मिक एवम् पर्यटकीय स्थलहरुको प्रवेश शुल्क निर्धारण गर्ने । <br> ▪ पर्यटकीय सेवाहरुको व्यवस्थापन गरि शुल्क लगाउने । | २०७९ पौष मसान्तसम्म | गाउँकार्यपालिका, योजना शाखा |
| नक्सा पास दस्तुर | ▪ नक्सापास सम्बन्धमा जनचेतना जगाउने । <br> ▪ आवश्यक दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने । <br> ▪ नक्सा पास कार्य अनिवार्य गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत र प्राविधिक शाखा |
| पानी मुहान दर्ता शुल्क | ▪ पानी मुहान दर्ता गर्ने बारे सरोकारवालाहरुलाई जानकारी गराउने । | २०७९ चैत्र मसान्तसम्म | वडा कार्यालय |
| सामुदायिक वनबाट भएको आम्दानीबाट तोकिएको प्रतिशत स्थानीय विकासका लागि समन्वय गर्ने । | ▪ सामुदायिक वनबाट वार्षिक रुपमा विक्रीयोग्य हुने काठजन्य तथा गैर काठ, जडिवुटीको आँकडा सहितको कार्ययोजना माग गर्ने । <br> ▪ सामुदायिक वनबाट स्थानीय विकासमा गर्ने लगानी बारेमा समन्वय गर्ने । | २०७९ चैत्र मसान्तसम्म | गाउँपालिका तथा राजस्व शाखा |
| **ख. आयआर्जन हुने पूँजीगत लगानीका क्षेत्र** | | | |
| पूर्वाधार निर्माण गर्ने | ▪ सडकहरुलाई कालोपत्रे गर्ने । <br> ▪ होमस्टेहरुको विकास गर्ने । | निरन्तर | गाउँपालिका र प्राविधिक शाखा |

| | | | |
|---|---|---|---|
| महत्वपूर्ण धार्मिक तथा पर्यटकीय स्थलहरुको विकास, संरक्षण तथा प्रवर्द्धन | ▪ क्रमश गाउँपालिकामा रहेका धार्मिक तथा परयटकीय स्थलहरुको प्रवर्द्धनका लागि पर्यटकीय प्याकेजको रुपमा विकास गर्ने । | निरन्तर | गाउँ कार्यपालिका र निजी क्षेत्र |
| **ग. मानवीय क्षमता विकास तथा राजस्व प्रशासन** | | | |
| मानवीय क्षमता विकास | ▪ प्रस्तावित संगठनात्मक ढाँचा अनुरुप राजस्व शाखाको दरबन्दी परिपूर्ति गर्ने र सोही बमोजिम राजस्व सङ्कलनको जिम्मेवारी उक्त शाखालाई दिने ।<br>▪ गाउँपालिकाका राजस्व अधिकारका क्षेत्रमा गाउँ कार्यपालिकाका पदाधिकारीहरुलाई अभिमुखीकरण गर्ने ।<br>▪ राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई असल अभ्यासबारे जानकारी दिने कार्यक्रम आयोजना गर्ने ।<br>▪ गाउँपालिका तथा वडा कार्यालयका कर्माचारीहरुलाई कर तथा राजस्व प्रशासन र अभिलेख र सफ्टवेयर बारे तालिम प्रदान गर्ने ।<br>▪ व्यवसायीहरुलाई कर सम्बन्धी अभिमुखीकरण गर्ने<br>▪ निर्धारित समय भन्दा ढिलो कर तिर्नेलाई जरिवाना तथा समयमा तिर्नेलाई प्रोत्साहनको व्यवस्था गर्ने | नियमित | गाउँपालिका |
| तथ्याङ्क तथा सूचना व्यवस्थापन | ▪ सबै किसिमका (घरजग्गा कर, व्यवसाय कर, बहाल विटौरी कर, घर बहाल कर) करदाताहरुको तथ्याङ्क सूचना सङ्कलन गर्ने ।<br>▪ करदाताको व्यक्तिगत फाईल (विवरण) तयार गर्ने ।<br>▪ महशुलयोग्य पूर्वाधारहरु (सडक, सिंचाई, विद्युत, खानेपानी, बसपार्क, आदि) को अभिलेख तयार गर्ने | २०७९ चैत्र मसान्तसम्म | वडा कार्यालय, राजस्व शाखा, प्राविधिक शाखा |
| राजस्व सङ्कलन तथा अभिलेक | ▪ करदाताको विवरण सबै वडा तथा गाउँपालिका कार्यालयको सोही सफ्षवेयरमा ईन्ट्री गर्ने ।<br>▪ राजस्व प्रशासनमा सफ्टवेयर तथा कम्प्युटरकृत प्रणालीमार्फत सेवा दिने | २०७९ चैत्र मसान्तसम्म | गाउँ कार्यपालिका र वडा कार्यालय |
| सूचना तथा पारदर्शिता | ▪ स्थानीय सञ्चार माध्यमबाट करदाताहरुलाई कर तिर्न प्रोत्साहित गर्ने सम्बन्धी सूचना सम्प्रेषण गर्ने ।<br>▪ गाउँपालिका र वडामा करको दररेट सहित नागरिक वडापत्र राख्ने ।<br>▪ कर तथा राजस्व असुलीका लागि घरदैलो कार्यक्रम सञ्चालन गर्ने ।<br>▪ राजस्व सङ्कलनको विविरण त्रैमासिक एवम् अर्ध वार्षिक रुपमा प्रकाशन गर्ने । | नियमित | प्रमुख प्रशासकीय अधिकृत, वडा सचिवहरु |
| अनुगमन | ▪ अनुगमन गरि छुटेका करदातालाई करको दायरामा ल्याउने ।<br>▪ कर चुहावत नियन्त्रण गर्ने । | प्रत्येक ३ महिनामा | कार्यपालिका तथा वडा कार्यालयहरु |

| | | | |
|---|---|---|---|
| करदाता तथा कर्मचारी प्रोत्साहन कार्यक्रम | ▪ कर्मचारीलाई राजस्व असुलीको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरि प्रोत्साहन गर्ने ।<br>▪ करदातालाई सम्मान (बढी कर तिर्नेलाई) | वार्षिक रुपमा (गाउँ सभा गर्ने दिनमा) | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| राजस्व प्रशासनको प्रभावकारिता बन्दोबस्ती | ▪ गाउँपालिकामा राजस्व शाखाको लागि कार्यकक्ष, कम्प्युटर, प्रिन्टर, विद्युत व्याकअप सहितको सुविधा उपलब्ध गराउने । | तत्कालै | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद ६. आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी ३ आर्थिक वर्षहरुका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ । गाउँपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय सङ्कलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी ३ वर्षको आय प्रक्षेपण गरिएको छ । यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन भई आगामी ३ वर्ष (आ.व. २०७९/८०-२०८१/८२)को लागि आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानिएको छ ।

*तालिका १८: आगामी ३ वर्षका लागि राजस्व प्रक्षेपण आधार*

| क्र.सं. | राजस्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपण | |
|---|---|---|---|---|
| | | | प्रक्षेपणको आधार | प्रक्षेपित रकम |
| | क. आन्तरिक आय | | | |
| १ | सम्पत्ति कर | ११०१.२०० | कुल सम्भावनाको ८०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ८८०.९६० |
| २ | भूमि कर (मालपोत) | २७७४.५५५ | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १६६४.७३३ |
| ३ | घर जग्गा बहाल कर | २४८.००० | कुल सम्भावनाको ७५% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १८६.००० |
| ४ | बहाल विटौरी कर | २४०.००० | कुल सम्भावनाको ७०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १६८.००० |
| ५ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३००.००० | कुल सम्भावनाको ८०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | २४०.००० |
| ६ | विज्ञापन कर | ५०.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ३०.००० |
| ७ | मनोरञ्जन कर | ७५.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | ४५.००० |
| ८ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | १०.००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ९.००० |
| ९ | जडिबुटी, कवाडी र जीवजन्तु कर | २५०.००० | कुल सम्भावनाको ७०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | १७५.००० |
| १० | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | २५०.००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | २२५.००० |
| ११ | खानी रोयल्टी | २५००.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | १५००.००० |

| | | | | |
|---|---|---|---|---|
| १२ | पर्यटन सेवा शुल्क | १८६.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १५% ले बढ्दै जाने | १११.६०० |
| १३ | घर जग्गा रजिष्ट्रेशन | ४५०.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | २७०.००० |
| १४ | अन्य विक्रीबाट प्राप्त रकम | १००.००० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्रीबाट आ.ब. २०७८/७९ मा रु १ लाख सङ्कलन हुने र त्यसपछि बार्षिक १५% बृद्धि हुँदै जाने अनुमान | १००.००० |
| १५ | न्यायिक दस्तुर | ५.००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ४.५०० |
| १६ | परिक्षा शुल्क | ५०.००० | कुल सम्भावनाको १००% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ५०.००० |
| १७ | अन्य प्रशासनिक सेवा शुल्क | १५०.००० | कुल सम्भावनाको १००% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १५०.००० |
| १८ | पार्किङ शुल्क | १००.००० | कुल सम्भावनाको ६०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ६०.००० |
| १९ | अन्य सेवा शुल्क तथा विक्री (ढुङ्गा, गिट्टी, वालुवा, माटोजन्य वस्तु) | ११३३०.२०० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १०१९७.१८० |
| २० | नक्सापास दस्तुर | १३२.५०० | कुल सम्भावनाको ८०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | १०६.००० |
| २१ | शिफारिस तथा प्रमाणित दस्तुर | ५००.००० | कुल सम्भावनाको ९०% र त्यसपछिका आ.व.मा १०% ले बढ्दै जाने | ४५०.००० |
